का.जि.प्र.का.द.नं. १००/०५२/६०
११ भदौ २०८३
बिहीबार
27 August 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २१७। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

भोटेकोशीको रौद्र रूप

रसुवा, नुवाकोट, धादिङ हुँदै चितवनसम्म वितण्डा

एकाबिहानै रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले क्षणभरमै कैयौंको ज्यान लियो । जसको विवरण संकलन नै हुन सकेको छैन । टिमुरे, रसुवागढी र आसपासका क्षेत्रका सडक, पुल, भवन तथा जलविद्युत् आयोजनामा क्षति पुग्याएको छ । सुरक्षा निकायले बेपत्ताको खोजी तथा प्रभावितको उद्धार जारी राखेका छन् । यस्तो अवस्थामा सरकारसहित सबै सरोकार वालाको प्राथमिकता बेपत्ताको खोजी, प्रभावितको उद्धार र सुरक्षित स्थानमा स्थानान्तरण रहेको छ ।

■ भावना पाठक र छवि सापकोटा / मध्यान्ह

रसुवाको उत्तरी क्षेत्रमा बुधबार बिहान आएको आकस्मिक बाढीले रसुवागढीदेखि त्रिशूली नदीको तल्लो तटीय क्षेत्रसम्म ठुलो क्षति पुऱ्याएको छ । बिहान करिब ८:४० बजे भोटेकोशी नदीमा एक्कासि आएको ठुलो बाढीले रसुवागढी, टिमुरे, स्याफ्रुबेसीलगायत क्षेत्रमा घर, सडक, पुल, सरकारी कार्यालय, सुरक्षा निकायका संरचना, भन्सार, जलविद्युत् आयोजना र अन्य पूर्वाधारमा क्षति पुऱ्याएको हो । बाढीको मुख्य कारण तिब्बततर्फ लेन्दे खोला थुनिएर बनेको तालबाट एक्कासि पानी बगेको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ । हिमपहिरो वा पहिरोका कारण खोला थुनिएको हुनसक्ने विज्ञहरूको भनाइ छ ।

बाढीबाट नेपाल-चीन सीमा जोडिएको रसुवागढी क्षेत्र सबैभन्दा बढी प्रभावित भएको छ । रसुवागढी भन्सार कार्यालयको संरचनामा ठुलो क्षति पुगेको छ । »» पृष्ठ २ मा

विपद्मा सरकारलाई साथ दिऊँ

सम्पादकीय | पृष्ठ ४

पूर्वानुमान न पूर्वसूचनाले गम्भीर क्षति

सपना बोहरा / मध्यान्ह
काठमाडौं, १० भदौ

बिहान करिब ८ बजेसम्म रसुवाको जनजीवन सामान्य थियो । चीनको तिब्बततर्फबाट रसुवाको भोटेकोशी क्षेत्रमा अचानक भीषण बाढी आयो । रसुवागढी नाकाका प्रहरीले जानकारी पाएलगत्तै पूर्वसूचना गर्न नभ्याउँदै आएको बाढीले त्यहाँ कार्यरत प्रहरी नै बेपत्ता पाऱ्यो ।

रसुवागढी नाकादेखि २० किमि उत्तरपूर्वमा हिमचट्टान पहिरोका कारण रसुवामा एक्कासि ठुलो बाढी आएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन प्राधिकरणको ठम्याइ छ । 'नेपाल-चीन सिमानामा गएको हिम-चट्टान पहिरोका कारण ल्हेन्दे खोलामा गेग्यानसहितको बाढी आएको र टिमुरे हुँदै उक्त बाढी त्रिशूली नदीमा प्रवेश गरेको देखिएको छ,' »» पृष्ठ २ मा

नदी थुनिएको क्षेत्र अत्यन्त दुर्गम र विकट भएकाले चीन सरकारलाई समेत तत्काल सूचना प्राप्त गर्न कठिन छ। बाढीको बहाव तीव्र गति भएकाले पूर्वसूचना दिने समय नै भएन ।

■ **सौहार्द जोशी**
जलविज्ञ, बाढी पूर्वानुमान महाशाखा

सिंगो देश एकजुट

रसुवामा गएको विनाशकारी बाढीपछिको अवस्थाबारे छलफल गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले सर्वदलीय बैठक बोलाएका छन् ।

बिहीबार रास्वपा संसदीय दलको कार्यालय सिंहदरबारमा बस्ने बैठकमा बाढी प्रभावित क्षेत्रमा भइरहेको खोजी तथा उद्धार कार्यलाई प्रभावकारी बनाउने र राहत तथा पुनःस्थापनाका लागि संयुक्त कदम चाल्ने विषयमा छलफल हुनेछ । अर्थात्, सामान्य अवस्थामा एकअर्काविरुद्ध राजनीतिक मोर्चा खोल्ने दलहरू विपद्को सामना गर्न एकै ठाउँमा जुटेर छलफल गर्दै छन् ।

सत्ता, प्रतिपक्ष र फरक राजनीतिक धार बोकेका दलहरूले यसअघि नै पनि संसद् र अन्य राजनीतिक फोरमहरूमार्फत »» पृष्ठ २ मा

सय बढीको मृत्यु

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीमा परी हराएकामध्ये झन्डै एक सय व्यक्तिको शव भेटिएको सुरक्षा निकायले जनाएका छन् । बाढीपछि रसुवा, नुवाकोट, धादिङ र चितवनका नदी किनारका विभिन्न स्थानबाट ९७ जनाको शव फेला परेको नेपाल प्रहरीका प्रवक्ता डिआइजी अबिनारायण काफ्लेले मध्यान्हलाई बताए । उनका अनुसार फेलापरेका सबै शवको पहिचान भने खुलिसकेको छैन । बाढी प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले खोज तथा उद्धार जारी राखेको छ ।

नेपाली सेनाका अनुसार रसुवाबाट मात्रै ८८ जनाको उद्धार गरिएको छ । प्रभावित नागरिकको उद्धारका लागि सेनाले ६ वटा हेलिकोप्टर परिचालन गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले »» पृष्ठ २ मा

बालेनलाई मोदीको फोन, चीन र विश्व बैंकको सहयोग प्रतिबद्धता

बाढीबाट प्रभावित नेपालमा उद्धार, राहत तथा पुनर्निर्माणका लागि भारत, चीन र विश्व बैंकले सहयोगको पहल थालेका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बाढीबाट ठूलोधनको क्षति पुगेकोप्रति दुःख व्यक्त गर्दै सम्भव सबै सहयोगका लागि तयार रहेको बताएका छन् । प्रधानमन्त्री बालेन्द्र शाहलाई फोन गरेर उनले सो प्रतिबद्धता जनाएका हुन् । भारतले बाढीपीडितका लागि तत्काल आवश्यक राहत सामग्रीको सूची सरकारसँग मागेको छ ।

बाढीको खबर सार्वजनिक भएलगत्तै विश्व बैंकका नेपाल राष्ट्रिय निर्देशक डेभिड सिस्लेनले अर्थमन्त्री डा.स्वर्णिम वाग्लेसँग समन्वय गर्दै विभिन्न स्रोतबाट आपत्कालीन सहयोगस्वरूप करिब २५ अर्ब रुपैयाँ उपलब्ध गराउने »» पृष्ठ २ मा

१५ वटा विद्युत् आयोजनामा क्षति, कर्मचारी सम्पर्कविहीन

भोटेकोशी नदीमा आएको आकस्मिक भीषण बाढीका कारण रसुवा, नुवाकोटका जल विद्युत् क्षेत्रमा ठुलो क्षति पुग्याएको छ । जलविद्युत्को बढी सम्भावना र आयोजनाको क्षेत्रमा आएको बाढीले १४ हाइड्रोपावर कम्पनीलाई क्षति भएको छ । दुई जिल्ला सञ्चालनमा रहेका र निर्माणधीन आयोजनामा क्षति भएको हो । बाढीका कारण विद्युत् आयोजनाका बाँध, आयोजना, पहुँचमार्ग, प्रसारण संरचना तथा अन्य पूर्वाधारमा क्षति पुगेको छ भने अधिकांश आयोजनाको उत्पादन तथा प्रसारणसमेत प्रभावित भएको नेपाल विद्युत् प्राधिकरणले »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

कारोबार रोकेर विभागद्वारा २५ म्यानपावरमाथि छानबिन

मध्यान्ह संवाददाता
काठमाडौं, १० भदौ

वैदेशिक रोजगार विभागले मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा रजिस्टर्ड २५ म्यानपावर कम्पनीले मलेसियाको मागपत्र पूर्व स्वीकृतिका लागि पेस गर्न नसक्ने बनाएको छ । विभागकी महानिर्देशक मिरा आचार्यले युवा, श्रम तथा रोजगार मन्त्रालयको पत्रअनुसार उक्त कदम चालिएको मध्यान्ह दैनिकलाई जानकारी दिइन् ।

विभागको प्रणालीमा सम्बन्धित म्यानपावर कम्पनीले मलेसियाको मागपत्र पूर्व स्वीकृतिका लागि पेस गर्दा 'भिजिट टु डोफे' अर्थात् विभागमा सम्पर्क गर्नु भन्ने देखिने बनाइएको छ । विभागले मन्त्रालयको पत्रअनुसार विभागमा बोलाएर लिखित जवाफ लिई वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावलीअनुसार छानबिन र अन्य प्रक्रिया अघि बढाउने विभागकी महानिर्देशक आचार्यले जानकारी दिइन् । विभागले कारोबार रोकिएका »» पृष्ठ २ मा

बाढीपीडितहरूको सहयोगका लागि व्यवसायीहरू जुट्दै

काठमाडौं / मस- भोटेकोशीमा आएको बाढीबाट पीडितहरूको सहयोगका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र अन्य संघसंस्थाले सक्रियता देखाएका छन् । संघसहित नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चलगायतका संघसंस्थाले अप्रत्याशित रूपमा आएको बाढीले अपूरणीय क्षति पुऱ्याएको भन्दै बाढी प्रभावितको उद्धार र पुनर्निर्माणका लागि केन्द्रित हुने बताएका छन् ।

संघले नागरिकमाथि विपद् पर्दा देशको जिम्मेवार निजी क्षेत्रका रूपमा प्रभावित नागरिकको साथमा »» पृष्ठ २ मा

प्रेस विज्ञप्ति

आदरणीय व्यवसायीज्यूहरूमा नमस्कार ।

मलेसियाको रोजगारीमा FWCMS को वेबसाइटमा २५ वटा इजाजतवाला संस्थाहरूको नाम सार्वजनिक भएपछि त्यसको समाधानतर्फ बढ्दै गर्दा पुनः व्यवसायीहरूबीचको एकता भङ्काउने, आन्तरिक द्वन्द्व सिर्जना गराउने र व्यवसायीलाई विभाजित गर्ने उद्देश्यले थप २५० इजाजतवाला संस्थाहरूको नाम FWCMS मा समावेश गराउने प्रयास भइरहेको भन्ने विषयप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

सिन्डिकेटको पक्षमा सक्रिय रहेका केही व्यक्तिहरूको पहिचान सार्वजनिक भइसकेको, केहीले अझै नकाब लगाइरहेका र केहीले आफ्ना निकटस्थहरूलाई अगाडि सारेर आफूलाई पर्दापछाडि लुकाउने प्रयास गरिरहेको देखिन्छ । तर अब व्यवसायीहरूलाई भ्रममा राख्ने र यो कुकार्यबाट उम्किने अवस्था देखिँदैन । पर्दापछाडिबाट हुने गतिविधि, विभाजनको प्रयास र व्यवसायी एकता कमजोर बनाउने प्रत्येक कदमलाई व्यवसायीहरूले गम्भीरतापूर्वक नियालिरहनुभएको छ ।

यस्तो संवेदनशील समयमा कसैको व्यक्तिगत, समूहगत र राजनीतिक स्वार्थका कारण व्यवसायी एकता कमजोर पार्ने प्रयास कदापि स्वीकार्य हुँदैन । सिन्डिकेट र एकाधिकारविरुद्ध निर्णायक रूपमा अघि बढ्नुपर्ने समयमा व्यवसायीलाई आपसमा भिडाउने, भ्रम फैलाउने र संघलाई कमजोर बनाउने गतिविधि अन्ततः सिन्डिकेटकै हितमा हुने वा बल पुग्ने कुरा सबैले बुझ्न जरुरी छ । आवश्यक तथ्य र आधिकारिक जानकारी संघले सार्वजनिक गर्नेछ । सिन्डिकेटधारी तथा पर्दापछाडि बसेर व्यवसायी एकता कमजोर बनाउनेहरूलाई समयले उचित जवाफ दिनेछ । यो समय सिन्डिकेटलाई कमजोर बनाउने समय हो, हाम्रो व्यवसायी एकता वा संघलाई कमजोर बनाउने समय होइन । व्यवसायी एकता नै हाम्रो शक्ति हो । विभाजनको षड्यन्त्रका विरुद्ध र सिन्डिकेटविरुद्ध एकजुट भएर अघि बढ्नुमा नै हाम्रो जित हुनेछ । यसर्थ सम्पूर्ण व्यवसायीज्यूहरूलाई कुनै पनि अफवाह वा भ्रमको पछि नलागी संयमित, सचेत र एकताबद्ध रहन हार्दिक अनुरोध समेत गर्दछौं ।

हिरा बहादुर डाँगी (हरि)
महासचिव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०५६५/४५९४४१८

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

भोटेकोशीको...

भन्सारपरिसरमा राखिएका सवारीसाधनसमेत बाढीले बगाएको प्रारम्भिक विवरण छ। भन्सारसँगै सुक्खा बन्दरगाह, पालिका भवन, प्रहरी संरचना तथा आसपासका अन्य सरकारी र व्यापारिक पूर्वाधारमा पनि क्षति पुगेको छ । बाढीका कारण चीनसँगको प्रमुख व्यापारिक नाकाको आवागमन र व्यापारिक गतिविधि प्रभावित भएको छ ।

गोसाइँकुण्ड गाउँपालिका-२को टिमुरे बजार बाढीबाट नराम्ररी प्रभावित भएको छ । प्रारम्भिक विवरणअनुसार टिमुरेमा मात्रै करिब १०७ घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । नजिकैको घट्टेखोला बजारमा थप ५० घरमा पूर्ण क्षति पुगेको बताइएको छ। बाढीले इलाका प्रहरी कार्यालय टिमुरे, प्रहरी चौकी स्याफ्रुबेसी र रसुवागढीका सुरक्षा संरचनामा समेत क्षति पुऱ्याएको छ। टिमुरेमा रहेको सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट पनि प्रभावित भएको छ।

बाढीपछि सुरक्षाकर्मीसमेत सम्पर्कविहीन भएका छन् । प्रारम्भिक विवरणमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका गरी ४१ सुरक्षाकर्मी सम्पर्कविहीन रहेको बताइएको थियो । पछि आएको विवरणमा प्रभावित क्षेत्रमा ७९ सुरक्षाकर्मी सम्पर्कविहीन रहेको उल्लेख छ । यसमा २६ सशस्त्र प्रहरी, नौ नेपाल प्रहरी र ४४ नेपाली सेना रहेको बताइएको छ ।

बाढीको बहाव तलतिर पुगेपछि स्याफ्रुबेसी, मैलुङ, पैरेबेसी, शान्तिबजार, हाकुबेसी, पाहिरोबेसीलगायत नदीकिनारका बस्ती प्रभावित भएका छन्। उत्तरगया गाउँपालिकाका विभिन्न क्षेत्रमा पनि बाढीले क्षति पुऱ्याएको छ। स्थानीय विवरणअनुसार खोलाको सतहभन्दा करिब २७० फिट माथिसम्मका क्षेत्रमा समेत बाढीको प्रभाव पुगेको बताइएको छ ।

१९ पुलमा क्षति

बाढीले रसुवागढी जोड्ने सडक र पुलमा समेत ठुलो क्षति गरेको छ । प्रारम्भिक विवरणअनुसार भोटेकोशी-त्रिशूली नदी प्रणालीमा कम्तीमा १९ पुलमा क्षति पुगेको छ । सडकतर्फ करिब ४० किलोमिटर सडक क्षतिग्रस्त भएको विवरण छ । पछिल्लो विवरणमा वेत्रावतीदेखि रसुवागढीसम्मको करिब ४२ किलोमिटर सडक विभिन्न ठाउँमा क्षतिग्रस्त भएको उल्लेख गरिएको छ ।

धादिङमा फुर्केखोला, घाटबेसी र जरेखेतका पुल बाढीले बगाएको छ। फुर्केखोला पुल बग्दा गजुरी गाउँपालिका-२ र सिद्धलेक-६ जोड्ने सडक प्रभावित भएको छ। सडक तथा पुलमा क्षति भएपछि प्रभावित क्षेत्रमा स्थलमार्गबाट पुग्नसमेत कठिन भएको छ ।

भोटेकोशीको बाढी त्रिशूली नदीमा मिसिएपछि नुवाकोटका विभिन्न क्षेत्र प्रभावित भएका छन् । वेत्रावती बजारमा ठुलो असर परेको छ । त्रिशूली बजारमा बाढी पसेको छ भने सेन्ट्रल जेलसमेत डुबानमा परेको प्रारम्भिक विवरण छ । देवीघाट बजारमा पनि बाढीको असर पुगेको छ ।

थप बाढीको जोखिम

पहिलो बाढीपछि पनि जोखिम समाप्त नभएको अधिकारीहरूले बताएका छन् । चीनबाट प्राप्त सूचनाअनुसार तिब्बततर्फ मितेरी पुलबाट करिब १० किलोमिटर माथि लेन्दे खोला थुनिएको स्थानमा बनेको ताल अझै पूर्ण रूपमा खुलेको छैन ।

जल विज्ञान तथा अनुसन्धान केन्द्रले ताल पूर्ण रूपमा नखुलेसम्म भोटेकोशी हुँदै त्रिशूली नदीको तल्लो तटीय क्षेत्रमा थप बाढी आउन सक्ने जोखिम रहेको जनाएको छ। केन्द्रले अर्को सूचना जारी नभएसम्म भोटेकोशी र त्रिशूली नदीआसपास नजान तथा नदी किनारका बासिन्दालाई सुरक्षित स्थानमा रहन आग्रह गरेको छ ।

इसिमोडका विपद् जोखिम न्यूनीकरण विज्ञ शाश्वत सन्यालका अनुसार पछिल्लो १४ महिनामा लेन्दे खोलामा दुईपटक ठुलो बाढी आएको छ। हिमपहिरोका कारण खोला थुनिएर एक्कासि ठुलो पानीको बहाव आएको हुनसक्ने उनको प्रारम्भिक आकलन छ । इसिमोडकै जलवायु तथा वातावरणीय जोखिम प्रमुख स्याङ्गोङ झाडले पनि माथिल्लो क्षेत्रमा अवरोध कायमै रहेकाले पुनः बाढी आउन सक्ने जोखिम औंल्याएका छन् ।

बाढीपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी खोज तथा उद्धारमा परिचालित छन् । हेलिकोप्टर, ड्रोन र तालिमप्राप्त उद्धार कुकुरसमेत प्रयोग भइरहेको छ । सरकारले रसुवा र नुवाकोटका विपद् कोषमा एक-एक करोड तथा धादिङको विपद् कोषमा ५० लाख रुपैयाँ पठाउने जनाएको छ ।

क्षतिको पूर्ण विवरण संकलन भइसकेको छैन । उद्धार र खोजी जारी रहेकाले मृतक, बेपत्ता तथा भौतिक क्षतिको संख्या थप बढ्न सक्ने सम्बन्धित निकायले जनाएका छन् ।

विपद् संकटग्रस्त क्षेत्र घोषणा

सरकारले रसुवाको भोटेकोशी क्षेत्रमा आएको भीषण बाढीबाट प्रभावित स्थानीय तहलाई तीन महिनाका लागि 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरेको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले बाढीबाट ठुलो जनधनको क्षति भएको निष्कर्ष निकाल्दै उद्धार, राहत तथा पुनर्निर्माणका कामलाई तीव्र बनाउन यस्तो निर्णय गरेको हो । सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलका अनुसार रसुवागढी र तल्लो तटीय क्षेत्रमा भएको क्षतिप्रति सरकारले दुःख व्यक्त गरेको छ । बैठकले बाढीमा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली र परिवारजनमा समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

बाढीमा घाइते भएकाहरूको सरकारी अस्पताल, नेपाली सेना तथा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमार्फत निःशुल्क उपचार गरिने भएको छ। जोखिममा रहेका नागरिकलाई तत्काल उद्धार गरी सुरक्षित स्थानमा सार्न गृह र रक्षा मन्त्रालयलाई निर्देशन दिइएको छ । उद्धारका लागि नेपाली सेना तथा निजी क्षेत्रका हेलिकोप्टरसमेत परिचालन गरिनेछ । घरवास गुमाएका नागरिकका लागि सुरक्षित स्थानमा आवास र खानाको व्यवस्था गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र स्थानीय तहले गर्नेछन्। मृतकका परिवारलाई कानुनअनुसारको आर्थिक सहायता पनि तत्काल उपलब्ध गराउने निर्णय भएको छ ।

बाढीका कारण अवरुद्ध सडक, खानेपानी, विद्युत् र दूरसञ्चार सेवा शीघ्र सञ्चालन गर्न सम्बन्धित मन्त्रालय तथा निकायलाई जिम्मेवारी दिइएको छ । क्षतिग्रस्त सार्वजनिक संरचना तथा पूर्वाधार पुनर्निर्माणका लागि आवश्यक स्रोत व्यवस्थापनमा समन्वय गर्ने जिम्मेवारी अर्थमन्त्रीलाई दिइएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४को दफा ३२ अनुसार प्रभावित स्थानीय तहलाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको हो । सरकारका अनुसार यस निर्णयपछि प्रभावित क्षेत्रमा राहत, उद्धार तथा पुनर्निर्माणका कामलाई थप प्रभावकारी र तीव्र रूपमा अघि बढाउन सहज हुनेछ ।

पूर्वानुमान...

प्राधिकरणले भनेको छ । बाढी पूर्वानुमान महाशाखाका जलविज्ञ सौहार्द जोशीका अनुसार, बाढीको बहाव र गति अत्यन्त तीव्र थियो । यो बाढी चीनको तिब्बती क्षेत्रबाट मात्र २० देखि २५ मिनेटमा नेपाली सीमा क्षेत्रमा आइपुगेको थियो । सीमा क्षेत्रमा आइपुगेपछि यसले १० देखि १५ मिनेटमा १२ देखि १५ किलोमिटरको दूरी पार गर्दै तल्लो तटीय क्षेत्रमा प्रभाव पारेको छ। नेपाली नाकामा रहेको रसुवागढी नाकाको खोला नाप्ने केन्द्र (स्टेसन)मा ८:४०मा बाढी प्रवेश गरेको रेकर्ड गरिएको छ। 'बाढी एकैचोटि निकै ठुलो उचाइ र वेगमा आएका कारण यसको असर बढी देखिएको हो,' उनले भने । बाढीको पूर्वसूचना समयमै पाउन नसक्नुमा भौगोलिक विकटता मुख्य कारण रहेको जलविज्ञ जोशीले बताए ।

'हिमताल भएको क्षेत्र अत्यन्त दुर्गम र विकट भएकाले चीन सरकारलाई समेत तत्काल सूचना प्राप्त गर्न कठिन छ,' उनले भने, ' बाढीको बहाव तीव्र गति भएकाले पूर्वसूचना दिने समय नै भएन ।' बाढीले रसुवा, नुवाकोट, धादिङ हुँदै चितवनसम्मका तटीय क्षेत्रमा ठुलो क्षति पुऱ्याएको छ ।

'कतिबेला हिमताल विस्फोट हुन्छन् भन्ने ठ्याक्कै पूर्वानुमान गर्ने प्रविधि हालसम्म विकसित छैन,' उनले भने, स्याटेलाइट तस्बिरहरू पनि त्यही समयमा उपलब्ध हुँदैनन् ।' विभागले स्याटेलाइट तस्बिरहरूको तुलनात्मक अध्ययन गरेर बाढीको वास्तविक कारण पत्ता लगाउने प्रयास गरिरहेको उनले बताए ।

नेपाल बाढी सूचनाका सहायक जनवैज्ञानिक प्रभाकर यादवका अनुसार, स्थानीय वर्षाका कारण आउन सक्ने सामान्य बाढीबारे सूचनाहरू भए तापनि यो अचानक आएको बाढीबारे कुनै पूर्वानुमान गरिएको थिएन । तिब्बती क्षेत्रमा अचानक पहिरो गएर खोला थुनिएको र पछि उक्त बाँध फुट्दा अचानक बाढी आएको हुन सक्ने प्रारम्भिक जानकारी प्राप्त भएको उनले बताए ।

जल तथा मौसम विज्ञान विभागको बाढी पूर्वानुमान शाखाका अनुसार, यो बाढी हिमताल विस्फोटन वा हिमपहिरोमध्ये कुनै एक कारणले आएको हुनसक्ने प्रारम्भिक अनुमान छ । भोटेकोशीमा आएको बाढीले रसुवाको टिमुरे, स्याफ्रुबेसी हुँदै त्रिशूली किनाराका बजार र बस्तीहरूलाई तहसनहस पारेको छ । तल्लो भेगमा राजमार्गका कैयौं भाग र पक्की पुलसमेत क्षतिग्रस्त बनाएको छ । भोटेकोशीमा बाढी देखिए पनि त्यसको उद्गम थलो ल्हेन्दे खोला हुनसक्ने कतिपय विशेषज्ञहरूको अनुमान छ ।

नदीआसपासका केही गाउँदेखि जलविद्युत् आयोजनाहरू, टिमुरे भन्सार कार्यालय र थुप्रै घर तथा पुलहरूको भौतिक संरचना ध्वस्त पारेको छ । मानवीय क्षति र भौतिक क्षतिको पूर्ण विवरण आइसकेको छैन । भोटेकोशी तथा त्रिशूली नदीको तटीय क्षेत्रमा जोखिम देखिएको हुँदा रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन जिल्लाका नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन र नागरिकलाई सुरक्षित स्थानमा रहन रिडटोन, ब्याकअप टोन, एसएमएस, माइकिङ, सामाजिक सञ्जाल लगायतका माध्यमबाट तुरुन्तै सूचना सम्प्रेषण गरिएको छ ।

बाढी हिमनदी पग्लिएर आएको हुनसक्ने देखिएको प्रारम्भिक अनुमान राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गरेको छ । 'हिउँपहिरोका कारण नदी थुनिएको र केही समयअघि उक्त अवरोध खुलेपछि एक्कासि ठुलो बाढी आएको प्रारम्भिक निष्कर्ष छ,' प्राधिकरणकी शान्ति महतले भनिन् । तिब्बततर्फ घटना भएकाले नेपालमा बाढी प्रवेश गरेपछि मात्रै प्रारम्भिक सूचना प्राप्त भएको थियो । नेपाल-चीनबीच विपद् जोखिमसम्बन्धी पूर्वसूचना र समन्वयलाई थप प्रभावकारी बनाउन सम्झौता गरेर अघि बढ्नुपर्ने आवश्यकता देखिएको उनले बताइन् । रसुवामा आएको ठुलो बाढीका कारण रसुवामा प्रहरी चौकी, भन्सार कार्यालय र हेल्प पोस्टमा क्षति पुगेको प्रारम्भिक जानकारी आएको प्राधिकरणकी महतले जानकारी दिइन् । तर, क्षतिको विस्तृत विवरण भने आइनसकेको उनको भनाइ छ ।

सरकारले विपद् जोखिमसम्बन्धी पूर्वसूचना र समन्वय बढाउनको लागि जनशक्ति तथा उपकरणहरूमा लगानी गरेको छ । देशमा त्यति ठुलो विपद् आउदा पनि सरकारका बेखबरजस्तै बन्यो । पूर्वसूचना किन भएन भन्ने विषयमा मध्यान्हको प्रश्नमा गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्ले भन्छन् -'अहिले हामी पूर्वसूचनाको बारेमा छलफल गर्न भ्याएका छैनौं । उद्धारमा खटिएका छौं । सूचना आयो कि आएन भन्ने विषयमा अहिले केही गरिएको छैन ।'

गत वर्ष पनि सोही क्षेत्रमा मनसुन सुरु हुने समयमा बाढी आएको थियो । त्यसबेला तिब्बततर्फको भोटकोला क्षेत्रमा विस्फोटसम्बन्धी रिपोर्ट आएको थियो । यसपटक पनि बाढीको स्रोत नेपालबाहिर रहेको प्रारम्भिक अनुमानपछि नेपालले चीनसँग सीमा-पार विपद् जोखिम न्यूनीकरण तथा पूर्वसूचना प्रणालीमा थप समन्वय गर्नुपर्ने आवश्यकता देखिएको प्राधिकरणले जनाएको छ । २४ असार २०८२ मा ल्हेन्दे खोलामा आकस्मिक रूपमा आएको बाढीले नौजनाको ज्यान गएको थियो । त्यसमा १८ जना बेपत्ता भएका थिए । आकस्मिक रूपमा आएको बाढीपछि कतिपय भूगर्भविद् र विशेषज्ञहरू यसको अध्ययनमा जुटेका छन् ।

सिंगो...

उद्धार र राहतमा केन्द्रित हुने प्रतिबद्धता जनाइसकेका छन् ।

पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड, शेरबहादुर देउवादेखि पूर्वराजा ज्ञानेन्द्र शाहलेसम्मले बाढीबाट भएको क्षतिप्रति दुःख व्यक्त गर्दै उद्धार तथा बेपत्ताको खोजी तीव्र पार्न अपिल गरेका छन् ।

भोटेकोशीको आकस्मिक बाढीले रसुवामा ठुलो जनधनको क्षति पुऱ्याएपछि दलहरूले आफ्ना नियमित राजनीतिक गतिविधिभन्दा विपद् व्यवस्थापनलाई प्राथमिकता दिएका हुन् । संकटका बेला सरकारलाई साथ दिने, आफ्ना नेता-कार्यकर्तालाई उद्धारमा खटाउने र प्रभावितलाई राहत पुऱ्याउनेमा दलहरूको साझा धारणा देखिएको छ ।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले विपद् व्यवस्थापनमा सरकारलाई पूर्ण साथ र सहयोग रहने बताएका छन् । उनले रसुवा, नुवाकोट, धादिङ, गोरखालगायत भोटेकोशी र त्रिशूली नदी आसपासका क्षेत्रमा उच्च सतर्कता अपनाउन तथा जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा सार्न पार्टीका नेता-कार्यकर्तालाई परिचालन गरेका छन् ।

कांग्रेसले नियमित राजनीतिक गतिविधिसमेत थाती राखेर उद्धार र राहतमा केन्द्रित हुन निर्देशन दिएको छ । पार्टीका स्थानीय संरचनालाई प्रशासन र सुरक्षा निकायसँग समन्वय गरी प्रभावितको सहयोगमा जुट्न भनिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले विपद्को समयमा 'दलको झन्डा होइन, देशको झन्डा' बोकेर उद्धारमा जुट्नुपर्ने बताएका छन् ।

उनले सरकारलाई पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाउँदै रास्वपाका नेता-कार्यकर्ता तथा शुभेच्छुकलाई स्वयंसेवी रूपमा परिचालित हुन आग्रह गरेका छन्। रास्वपाले बाढीपीडितका लागि सरकारको राहत कोषमा ५० लाख रुपैयाँ सहयोग गर्ने निर्णयसमेत गरेको छ ।

नेपाली कम्युनिस्ट पार्टीका संयोजक 'प्रचण्ड'ले पनि पार्टीका नेता-कार्यकर्तालाई स्थानीय प्रशासनसँग समन्वय गरेर उद्धार, राहत तथा मानवीय सेवामा परिचालन हुन निर्देशन दिएका छन् । प्रभावित क्षेत्रमा तत्काल पुगेर नागरिकको सहयोगमा जुट्न उनले पार्टी पंक्तिलाई आग्रह गरेका छन् ।

नेकपा एमालेले पनि आफ्ना नेता-कार्यकर्तालाई बाढी प्रभावित क्षेत्रमा उद्धार तथा राहतमा परिचालन हुन निर्देशन दिएको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रभावितको उद्धार र राहतलाई प्राथमिकता दिन आग्रह गरेका छन् ।

संसद्मा पनि विपद्को विषयमा दलहरूबीच साझा धारणा देखिएको छ । कांग्रेस सांसद अर्जुननरसिंह केसीले सरकार एक्लैले नभई राजनीतिक दल, स्थानीय तह र नागरिक समाजलाई समेत विश्वासमा लिएर उद्धार तथा राहतमा परिचालन गर्नुपर्ने बताएका छन् ।

यसबीचमै पूर्वराजा ज्ञानेन्द्र शाहले रसुवाको बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै बेपत्ताको खोजी तथा उद्धार कार्यलाई तीव्र बनाउन आग्रह गरेका छन् ।

सय...

जनाएको छ । बाढीबाट प्रभावित र बेपत्ता नागरिकको खोजी तथा उद्धार जारी रहेकाले मृतकको संख्या अझै बढ्न सक्ने सुरक्षा निकायले जनाएको छ ।

बालेनलाई ...

जानकारी दिएका छन् । प्रधानमन्त्री, अर्थमन्त्रीलगायत उच्च तहका अधिकारीसँग समन्वय गर्दै परराष्ट्रमन्त्री शिशिर खनालले भारतबाट प्राप्त हुने राहत सामग्री आजै काठमाडौं ल्याउने तयारी भइरहेको बताएका छन् । यसैगरी, उत्तरी छिमेकी चीनले पनि नेपाललाई तत्काल नगद सहयोग उपलब्ध गराउने भएको छ । सहयोग रकम पठाउने प्रक्रिया अघि बढाउन चिनियाँ राजदूत जाङ माओमिङले अर्थमन्त्रीमार्फत नेपाल सरकारसँग समन्वय गरेका छन् ।

भारत, चीन तथा विश्व बैंकबाट प्राप्त सहयोगको प्रतिबद्धताप्रति सरकारले आभार व्यक्त गरेको छ । अर्थमन्त्री वाग्लेले सहयोग परिचालनका लागि अन्तरसरकारी समन्वय गर्दै आवश्यक मोडालिटीबारे छलफल भइरहेको बताएका छन् । मन्त्रिपरिषद्को बैठकले रसुवा, नुवाकोट र धादिङका प्रभावित पालिकालाई ' विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरेपछि राहत, उद्धार तथा पुनर्निर्माणका लागि स्वदेशी तथा विदेशी सहयोग जुटाउने प्रक्रिया थप सहज भएको हो ।

१५ वटा...

जनाएको छ । यस्तै, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले बाढीका करिब ७४८ मेगावाट क्षमताका आयोजनामा क्षति पुगेको जनाएको छ। ९ वटा सञ्चालनमा आएका जलविद्युत् आयोजनबाट ३५४ मेगावाट विद्युत् उत्पादन हुने गरेको थियो भने निर्माणाधीन ४ वटा जलविद्युत् आयोजना ३९४ मेगावाट विद्युत् उत्पादन क्षमताका थिए ।

बाढीले सबैभन्दा धेरै रसुवा जिल्लामा सञ्चालनमा रहेका जलविद्युत् आयोजनामा क्षति भएको छ । रसुवामा सञ्चालनमा रहेका ५ वटा र निर्माणाधीन ३ वटा गरी ८ वटा आयोजनामा क्षति भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । यस्तै, नुवाकोटका पनि ६ वटा आयोजनामा क्षति भएको छ । नुवाकोटमा सञ्चालनमा रहेका ४ वटा र निर्माणाधीन ३ वटा आयोजनमा क्षति भएको हो ।

प्राकृतिक विपद्बाट त्रिशूली तथा भोटेकोशी नदी बेसिनमा सञ्चालनमा रहेका तथा निर्माणाधीन १५ वटा जलविद्युत् आयोजनामा ठुलो क्षति पुगेको छ। विशेषगरी नदी किनार तथा बाढी प्रभावित क्षेत्रमा रहेका आयोजनाका बाँध, हेडवर्क्स, पावर हाउस, पहुँचमार्ग, प्रसारण संरचना, निर्माण सामग्री तथा अन्य भौतिक संरचनामा गम्भीर क्षति पुगेको इप्पानले जनाएको छ । प्रारम्भिक विवरणअनुसार रसुवा जिल्लामा सञ्चालनमा रहेका करिब २३६ मेगावाट क्षमताका पाँच जलविद्युत् आयोजना तथा निर्माणाधीन करिब ३४२.४२ मेगावाट क्षमताका तीन आयोजनामा क्षति भएको छ। त्यसैगरी नुवाकोट जिल्लामा सञ्चालनमा रहेका करिब १२३ मेगावाट क्षमताका चार आयोजना तथा करिब ५२.६ मेगावाट क्षमताका दुई निर्माणाधीन आयोजनामा समेत क्षति पुगेको हो । माथिल्लो त्रिशूली-३ 'बी' हब सबस्टेसनमा पुगेको क्षतिका कारण भौतिक संरचनामा प्रत्यक्ष ठुलो क्षति नपुगेका कतिपय आयोजनासमेत राष्ट्रिय प्रसारण प्रणालीबाट विच्छेद हुन पुगेको छ ।

बाढीले विभिन्न जलविद्युत् आयोजनामा कार्यरत कर्मचारी/कामदार सम्पर्कविहीन भएका छन् । नेपाल विद्युत् प्राधिकरणका अनुसार त्रिशूली जलविद्युत् कम्पनीको निर्माणाधीन रहेको त्रिशूली ३बी को साइटमा कार्यरत २१ जना कर्मचारी सम्पर्कविहीन छन् । यस्तै, चिलिमे जलविद्युत् कम्पनीको चिलिमे जलविद्युत् केन्द्रको पावर प्लान्ट क्षेत्रमा रहेका ६ जना र आवास क्षेत्रवरपर रहेको १ जना, चिलिमे जलविद्युत् कम्पनीअन्तर्गतको चेस्को कम्पनीबाट खटिई त्रिशूली जलविद्युत् कम्पनीबाट निर्माणाधीन त्रिशूली ३बी जलविद्युत् आयोजनाको साइटमा कार्यरत ११ जना सम्पर्कबाहिर रहेका छन् । चिलिमे जलविद्युत् कम्पनीअन्तर्गतको रसुवागढी जलविद्युत् केन्द्रमा कार्यरत ९२ जना, त्रिशूली ३ ए जलविद्युत् केन्द्रको पावर हाउसको मर्मतकार्यमा संलग्न रहेका ४५ जना कर्मचारी तथा कामदार सम्पर्कविहीन छन् । यस्तै, प्राधिकरणको त्रिशूली जलविद्युत् केन्द्र र देविघाट जलविद्युत् केन्द्रमा कार्यरत १/१ जना कर्मचारी र रसुवा वितरण केन्द्रमा रहेर चिलिमे पावर हाउसको स्विचयार्डमा काम गर्ने एकजना सम्पर्कमा छैनन् । त्रिशूली २२० के.भी. ३बी हब सबस्टेसनमा ठेकेदारको तर्फबाट कार्यरत रहेका १६ जना सम्पर्कविहीन छन् । यस्तै, अन्य आयोजनाका काम इन्जिनियरदेखि दर्जनौं कामदारसमेत सम्पर्कविहीन छन् ।

कारोबार...

सबै २५ कम्पनीलाई पाँच दिनको समय दिएर स्पष्टीकरण मागेको छ ।

२५ म्यानपावर कम्पनीको सूचीमा फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि., लाल धनुष इन्टरनेसनल सर्भिस, नेपाल प्लेसमेन्ट एजेन्सी प्रा.लि., द रिभर ओभरसिज प्रा.लि., एसिया लिंक सर्भिसेस प्रा.लि., मोन्टेज ओभरसिज प्रा.लि., नेपाल एचआर सोलुसन प्रा.लि., स्काइ पावर इन्टरनेसनल सर्भिसेस, ट्रस्ट नेपाल ओभरसिज प्रा.लि., एक्सेस पार्टनर्स प्रा.लि., ह्वाइट हर्स इन्टरनेसनल प्रा.लि., ट्रान्स एसिया इन्टिग्रेट सर्भिसेस प्रा.लि., बी.एम. ओभरसिज प्रा.लि., इन्डो अरब म्यानपावर प्रा.लि., संयोग ओभरसिज प्रा.लि., ट्यालेन्ट ओभरसिज सर्भिसेस प्रा.लि., वाइड स्पेस इन्टरनेसनल, खोजी रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि., ए.एन.एस. एसोसिएट्स प्रा.लि., अल-हयात म्यानेजमेन्ट सिस्टम प्रा.लि., अल स्किल्स इन्टरनेसनल ह्युमन रिसोर्सेस, बिलिभेबल ओभरसिज प्रा.लि., डि स्क्वायर्ड ग्रुप, डिडी ह्युमन रिसोर्सेस ग्रुप प्रा.लि. र प्यारामाउन्ट इम्प्लोइमेन्ट कन्सल्टेन्सी प्रा.लि. रहेका छन् ।

मन्त्रालयले संघको समन्वयमा एफडब्लुसिएमएसमा सहभागी नहुने प्रतिबद्धता माग गरेको थियो । बुधबार साँझसम्म एसिया लिंक र फ्रन्टलाइनबाहेक सबैले प्रतिबद्धतापत्र बुझाएका छन् । एसिया लिंकका सञ्चालक मिलन कट्टेलले संघका अध्यक्षले आफ्नो कम्पनीमा ताला लगाएका कारण कम्पनीको कार्यालय बन्द रहेको र प्राविधिक कारणले प्रतिबद्धतापत्र बुझाउन समस्या भएको जानकारी संघलाई गराएका छन्। ताला लगाउन गएका संघका अध्यक्षले नै ताला खोलिदिनुपर्ने उनको भनाइ रहेको संघका तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलले जानकारी दिए ।

फ्रन्टलाइनका सुरज केसी काम विशेषले आफू युएईमा रहेको र स्वदेश फर्किएपछि संघ तथा विभागलाई स्पष्टीकरण दिने बताएको पनि पौडेलले जानकारी दिए। यसैबीच, संघले मलेसियाको एफडब्लुसिएमएस प्रणालीमा सूचीकृत २५ वटा इजाजतपत्रवाला संस्थामाथि विभागबाट प्रारम्भिक कारवाही प्रक्रिया सुरु भएको भन्दै मलेसिया कामदार पठाउने मुलुकहरूबीच ऐक्यबद्धता र समान एजेन्डा उठाउन पहल गर्ने बताएको छ । नेपालमा भएको सिन्डिकेटविरोधी आन्दोलनलाई बंगलादेश, पाकिस्तान र भारतका म्यानपावर कम्पनीले विशेष ध्यान दिएर अध्ययन गरेको बताइएको छ । यसका अतिरिक्त संघले दीर्घकालीन समाधानका लागि कूटनीतिक पहल सुरु गरेको महासचिव हिरावहादुर डाँगी (हरि)ले जानकारी दिए ।

बाढीपीडितहरूको...

उभिनु संघको सामाजिक उत्तरदायित्व र साझा दायित्व भन्दै विपद्को घडीमा संघ तथा संघमा आबद्ध सम्पूर्ण व्यवसायीहरू प्रभावित नागरिकको साथमा रहेको बताएको छ ।

नेपाल सरकारको नीति, निर्देशन तथा सम्बन्धित निकायसँगको आवश्यक समन्वयमा एकद्वार प्रणालीमार्फत राहत, उद्धार तथा आवश्यक आर्थिक एवं मानवीय सहयोगमा सहभागी हुने संघले बताएको छ ।

बाढीपीडितका लागि इन्टरपिड रिक्रुटमेन्टको आर्थिक सहयोग

काठमाडौं/मस-वैदेशिक रोजगार व्यवसायीहरूले भोटेकोशी नदीमा आएको बाढीबाट पीडित भएकाहरूका लागि आपतकालीन सामग्रीका लागि सहायता सुरुवात गरेका छन् । युवा व्यवसायी, इन्टरपिड रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि.का सञ्चालक, लायन्स क्लब अफ काठमाडौं अन्नपूर्णका प्रेसिडेन्ट तथा एस एन्ड एस ट्रेनिङ सेन्टर प्रा.लि.का सञ्चालक तथा समाजसेवी श्रवणकुमार दाहालले तत्काल १ लाख ५५ हजार ५५६ रूपैयाँ प्रधानमन्त्री दैविक प्रकोप उद्धार कोषमा सहयोग गरेको मध्यान्हलाई जानकारी दिए । बुधबार आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र चितवनलगायत जिल्लाका तटीय क्षेत्रहरूमा ठुलो जनधनको क्षति भएको छ। बाढीपछि विस्थापित भएका नागरिकहरू कठिन परिस्थितिमा जीवन यापन गर्न बाध्य छन् । विपद्को यस घडीमा निजी क्षेत्रबाट आएको सहयोगले पीडितहरूको उद्धार तथा राहत कार्यमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ ।

INTERPID
INTERPID RECRUITMENT SERVICES
PRIVATE LIMITED
www.interpidhr.com

उच्च प्राथमिकतामा उद्धार, उपचार र पुनर्स्थापना

काठमाडौं / मस–प्रधानमन्त्री बालेन शाहले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार, उपचार, राहत तथा पुनःस्थापनालाई सरकारले उच्च प्राथमिकतामा राखेको बताएका छन् ।

प्रधानमन्त्री शाहले बाढीबाट हालसम्म ५० भन्दा बढी नागरिकको मृत्यु भएको दुःखद खबर प्राप्त भएको भन्दै मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारमा समवेदना व्यक्त गरेका छन् । उनले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेका छन् ।

बाढीको खबर पाएलगत्तै सरकारले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय परिषद् र मन्त्रिपरिषद्को बैठक बसेर उद्धार, खोजी तथा राहत कार्यलाई तीव्र बनाउने निर्णय गरेको प्रधानमन्त्री शाहले बताएका छन् ।

उनका अनुसार नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका टोलीलाई तत्काल प्रभावित क्षेत्रमा परिचालन गरिएको छ । नेपाली सेनाको हेलिकप्टरमार्फत हालसम्म २५० भन्दा बढी नागरिकको उद्धार गरिएको र उद्धार गरिएका घाइतेलाई काठमाडौं ल्याएर उपचार सुरु गरिएको उनले जानकारी दिएका छन् ।

प्रधानमन्त्री शाहले अहिले घाइतेको ज्यान जोगाउने, बेपत्ताको खोजी गर्ने र प्रभावित नागरिकलाई सुरक्षित राख्ने काम सरकारको पहिलो प्राथमिकता रहेको बताएका छन् । घाइतेको सहज र निःशुल्क उपचारका लागि वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरमा १०० शय्या छुट्याइएको तथा उपत्यकाका अन्य ठूला अस्पताललाई समेत उपचारका लागि तयारी अवस्थामा राखिएको उनले बताए ।

प्रभावित क्षेत्रमा मेडिकल टिम परिचालन गरिएको छ। राष्ट्रिय ट्रमा सेन्टर तथा विभिन्न सुरक्षा निकायबाट चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोली पठाइएको छ भने नेपाल स्काउट र विश्व स्वास्थ्य संगठनलगायतका निकायबाट समेत चिकित्सक, उद्धारकर्मी तथा स्वास्थ्य सामग्री प्रभावित क्षेत्रमा पठाइएको प्रधानमन्त्री शाहले जानकारी दिएका छन् ।

आपत्कालीन स्वास्थ्य सेवा, औषधि तथा रगतको अभाव हुन नदिन रक्तसञ्चार केन्द्र, बागमती र गण्डकी प्रदेशका स्वास्थ्य मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, लायन्स क्लब र नेपाल स्काउटलगायतका संघसंस्थासँग निरन्तर समन्वय भइरहेको उनले बताए ।

प्रधानमन्त्रीका अनुसार नुवाकोटको विदुर, रसुवाको उत्तरगया र गोसाइँकुण्ड, धादिङको गजुरी, गल्छी, बेनीघाट, त्रिपुरासुन्दरी र सिद्धलेख तथा गोरखाको शहीद लखन र गण्डकी गाउँपालिका बाढीबाट बढी प्रभावित भएका छन् ।

ती क्षेत्रमा प्रभावित परिवारसम्म खानेकुरा, सफा खानेपानी, औषधि र अस्थायी बसोबासको व्यवस्था तत्काल पुऱ्याइने प्रधानमन्त्री शाहले बताएका छन् । बाढीका कारण क्षति पुगेका सडक, पुल, विद्युत् तथा खानेपानी आयोजनालाई प्राथमिकताका साथ पुनर्निर्माण गरी जनजीवन सामान्य अवस्थामा फर्काइने उनले बताए । विस्थापित परिवारलाई सुरक्षित स्थानमा पुनःस्थापना गरिने बताउँदै प्रधानमन्त्री शाहले बेपत्ता नागरिकको खोजी कार्यलाई अझ तीव्र बनाइने जानकारी दिए । उनका अनुसार घाइतेको पूर्ण विवरण तथा बाढीबाट भएको क्षतिको विस्तृत विवरण संकलन गर्ने कामसमेत जारी छ ।

प्रधानमन्त्री शाहले उद्धार कार्य रातभर निरन्तर सञ्चालन हुने बताएका छन् । विपद्को यो कठिन घडीमा सरकार प्रभावित नागरिकको साथमा रहेको उल्लेख गर्दै उनले उद्धार, उपचार, खानपिन र बसोबासको जिम्मेवारी सरकारले लिने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले राहत तथा उद्धार अभियानमा सहयोग गर्न सामाजिक संघसंस्था, उद्योगी-व्यवसायी, युवा स्वयंसेवक तथा आम नागरिकलाई समेत आग्रह गरेका छन् ।

निजी क्षेत्रसँग सहकार्य गर्दै गृहमन्त्री

काठमाडौं / मस- गृहमन्त्री सुधन गुरुङले रसुवामा आएको बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि निजी क्षेत्रसँग सहकार्य अघि बढाएका छन् ।

गुरुङले नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल बैंकर्स संघ तथा नेपाल निर्माण व्यवसायी महासंघका नेतृत्वसँग छलफल गर्दै विपद्को घडीमा सरकारसँग हातेमालो गर्न आग्रह गरेका छन् । बाढी प्रभावित क्षेत्रमा तत्काल आवश्यक खाद्यान्न, औषधि, लत्ताकपडा, अस्थायी आवास तथा अन्य राहत सामग्री उपलब्ध गराउन निजी क्षेत्रलाई सहयोगका लागि आह्वान गरिएको छ । गृहमन्त्रीले विपद् व्यवस्थापन सरकारको मात्र जिम्मेवारी नभई सरकार, निजी क्षेत्र र नागरिक समाजको साझा दायित्व भएको उल्लेख गर्दै रसुवाका प्रभावित परिवारलाई छिटोभन्दा छिटो सहयोग पुऱ्याउन सबै पक्ष एकजुट हुनुपर्ने बताएका छन् ।

छलफलमा बाढीबाट प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउने, पुनःस्थापनाका लागि आवश्यक सहयोग जुटाउने तथा विपद्का समयमा निजी क्षेत्रको भूमिका प्रभावकारी बनाउने विषयमा जोड दिइएको बताइएको छ ।

बाढीपछि पशुजन्य रोग फैलिन नदिन विभागलाई मन्त्री चौधरीको निर्देशन

काठमाडौं / मस–कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले बाढीका कारण पशुचौपायामा रोग फैलिन सक्ने सम्भावनालाई मध्यनजर गर्दै आवश्यक रोकथाम तथा नियन्त्रणका उपाय तत्काल अवलम्बन गर्न पशु सेवा विभागलाई निर्देशन दिएकी छिन् ।

बाढीका कारण पशुचौपायाको आवतजावत तथा सम्पर्क बढ्न सक्ने र त्यसबाट सङ्क्रामक रोग फैलिन सक्ने जोखिम रहेकाले पशु स्वास्थ्यमा विशेष निगरानी तथा सतर्कता अपनाउन उनले निर्देशन दिएकी हुन् ।

विशेषगरी रसुवा, नुवाकोट तथा धादिङ जिल्लामा विशेष टोली परिचालन गरी पशु स्वास्थ्यसम्बन्धी निगरानी, रोग पहिचान, रोकथाम तथा नियन्त्रणका आवश्यक कार्य अघि बढाउन पशु सेवा विभागलाई उनले निर्देशन दिइन् ।

मन्त्री चौधरीले विपद्को समयमा मानव स्वास्थ्यसँगै पशु स्वास्थ्यलाई पनि समान प्राथमिकतामा राख्नुपर्ने बताइन् । सम्भावित पशुजन्य रोगको जोखिम न्यूनीकरणका लागि सम्बन्धित निकायबीच प्रभावकारी समन्वय कायम गर्दै तत्काल आवश्यक कदम चाल्नुपर्नेमा उनको जोड थियो ।

रसुवा बाढीपीडितका लागि एनआरएनएको ५ करोड सहयोग घोषणा

तिलोचन गौतम / मध्यान्ह
मलेसिया, १० भदौ

रसुवास्थित भोटेकोशी नदीमा बुधबार बिहान आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत, स्वास्थ्य उपचार तथा पुनःस्थापनाका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए) ले तत्काल ५ करोड रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ। बाढी प्रभावित क्षेत्रमा आवश्यक राहत सामग्री, स्वास्थ्य सेवा तथा पुनःस्थापनाका लागि सहयोग पुऱ्याउने उद्देश्यले एनआरएनएले उक्त निर्णय गरेको हो ।

एनआरएनए अध्यक्ष डा. हेमराज शर्माको अध्यक्षतामा बुधबार बसेको बृहत् भर्चुअल आपत्कालीन बैठकले रसुवाका बाढीपीडितका लागि तत्काल राहत तथा स्वास्थ्य सेवामा सहयोग गर्ने निर्णय गरेको हो । बैठकले विपद्को यस कठिन घडीमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीलाई एकताबद्ध भएर मानवीय सहयोगमा जुट्नसमेत आह्वान गरेको छ ।

बैठकलाई सम्बोधन गर्दै अध्यक्ष डा.शर्माले बाढीबाट प्रभावित नागरिकको तत्काल उद्धारसँगै दीर्घकालीन राहत तथा पुनःस्थापनाका लागि एनआरएनए सक्रिय रूपमा अघि बढ्ने बताए ।

'विपद्को यस कठिन समयमा विदेशमा रहेका नेपालीहरूको सामूहिक सहयोग र ऐक्यबद्धता आवश्यक छ। एनआरएनए तत्काल राहतका साथै आवश्यकताका आधारमा स्वास्थ्य, पुनःस्थापना तथा अन्य मानवीय सहयोगलाई निरन्तरता दिनेछ,'उनले भने ।

स्वास्थ्य सेवाका लागि चिकित्सक टोली परिचालन गरिने

एनआरएनएका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले बाढी प्रभावित क्षेत्रमा तत्काल स्वास्थ्य सेवा पुऱ्याउन चिकित्सकको विशेष टोली परिचालन गर्न आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

बाढीका कारण घाइते तथा प्रभावित नागरिकको स्वास्थ्य उपचारलाई प्राथमिकतामा राख्दै चिकित्सकीय जनशक्ति र आवश्यक स्वास्थ्य सामग्रीसहितको टोली परिचालन गरिने तयारी गरिएको छ । टोलीमार्फत प्राथमिक स्वास्थ्य उपचार, स्वास्थ्य परीक्षण, औषधि वितरण तथा आवश्यक स्वास्थ्य परामर्श उपलब्ध गराउने तयारी गरिएको एनआरएनएले जनाएको छ ।

राहत तथा उद्धारका लागि छुट्टाछुट्टै समिति

राहत तथा उद्धार कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन एनआरएनएले उच्चस्तरीय राहत तथा उद्धार समिति, आर्थिक संकलन समिति र स्वयंसेवक परिचालन समितिलगायतका संरचना गठन गर्ने निर्णय गरेको छ ।

राहत तथा उद्धार उच्चस्तरीय समितिको संयोजकमा एनआरएनए अध्यक्ष डा.हेमराज शर्मा रहनेछन्। समितिमा बाढी प्रभावित क्षेत्रसँग सम्बन्धित एनआरएनए राष्ट्रिय समितिका अध्यक्ष तथा संघका सम्पूर्ण पदाधिकारी सहभागी हुनेछन् ।

त्यस्तै, कोषाध्यक्ष कृष्ण तिमल्सीनाको संयोजकत्वमा आर्थिक संकलन समिति गठन गरिएको छ। महासचिव डा. चिरञ्जीवी खड्काको नेतृत्वमा एनआरएनए राष्ट्रिय समन्वय परिषद्हरूलाई परिचालन गरिनेछ भने उपाध्यक्ष मनोज गोर्खालीको नेतृत्वमा स्वयंसेवक परिचालन तथा स्थलगत सहयोगका लागि छुट्टै समिति गठन गरिएको छ । एनआरएनएले बिहीबार बिहानैदेखि सम्बन्धित सरकारी निकाय तथा स्थानीय सरोकारवालासँग समन्वय गरी राहत, उद्धार तथा सहयोगका लागि स्थलगत रूपमा परिचालित हुने जनाएको छ ।

सरकारसँग समन्वय गर्न अधिकारी फोकल पर्सन

नेपाल सरकारसँग प्रत्यक्ष समन्वय गर्न एनआरएनएका पूर्व कार्यकारी अधिकृत रविकिरण अधिकारीलाई फोकल पर्सनको जिम्मेवारी दिइएको छ । अधिकारीले प्रधानमन्त्री कार्यालयलगायत सम्बन्धित सरकारी निकायसँग आवश्यक समन्वय गरी प्रभावित क्षेत्रको आवश्यकता र राहतको प्राथमिकताका आधारमा एनआरएनएबाट उपलब्ध गराइने सहयोगलाई प्रभावकारी रूपमा परिचालन गर्नेछन् ।

विश्वभरका नेपालीलाई सहयोग गर्न आह्वान

आपत्कालीन बैठकमा एनआरएनएका केन्द्रीय पदाधिकारी, केन्द्रीय सल्लाहकार, विभिन्न राष्ट्रिय समितिका अध्यक्ष तथा प्रतिनिधिलगायतको सहभागिता रहेको थियो। बैठकमा सहभागीहरूले रसुवामा देखिएको विपद्प्रति गम्भीर चिन्ता व्यक्त गर्दै तत्काल उद्धार तथा राहतसँगै प्रभावित परिवारको दीर्घकालीन पुनःस्थापनाका लागि समेत सहयोग आवश्यक रहेको बताएका छन् ।

एनआरएनए यूके, क्यानडा, नेदरल्याण्ड, स्वीजरल्याण्ड, अष्ट्रेलिया, जापान, सेसेल्स, साउदी अरब, यूएई, चीनलगायतका राष्ट्रिय समितिहरूले समेत आर्थिक सहयोग गर्ने घोषणा गरेका छन् ।

एनआरएनएले विदेशमा रहेका नेपाली समुदाय, राष्ट्रिय समितिहरू, सामाजिक संघसंस्था तथा व्यक्तिगत रूपमा सहयोग गर्न इच्छुक सम्पूर्ण नेपालीलाई राहत तथा उद्धार अभियानमा एकताबद्ध भएर सहभागी हुन अपिल गरेको छ । एनआरएनएका आगामी कार्यक्रम स्थगित रसुवालगायत नेपालका विभिन्न क्षेत्रमा उत्पन्न आपत्कालीन अवस्थालाई ध्यानमा राख्दै एनआरएनए आईसीसीले आगामी केही दिनका लागि आफ्ना सबै बैठक तथा कार्यक्रम स्थगित गर्ने निर्णय गरेको छ ।

यसै क्रममा २९ अगस्ट २०२६ मा लण्डनस्थित नेपाली राजदूतावासमा आयोजना गर्ने तय भएको बुद्ध मूर्ति स्थापना कार्यक्रम पनि अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको एनआरएनएले जनाएको छ ।

एनआरएनएले विश्वभरका राष्ट्रिय समितिहरू, सदस्यहरू तथा नेपाली डायस्पोरालाई संकटको यस घडीमा एकजुट भई मातृभूमि नेपालको उद्धार तथा राहत अभियानमा सहयोग र सक्रिय सहभागिता जनाउन आग्रह गरेको छ ।

विपद्को यस कठिन समयमा सबैको समझदारी, सहयोग, ऐक्यबद्धता र मानवीय सहभागिताका लागि एनआरएनएले आभार व्यक्त गरेको छ ।

मलेसियामा गौरापर्वमा विशेष कार्यक्रम हुने

क्वालालम्पुर / मस- सुदूरपश्चिमेली नेपाली समाज मलेसियाको आयोजनामा आगामी ६ सेप्टेम्बर २०२६ मा क्वालालम्पुर स्थित होटल ग्रान्ड कन्टिनेन्टलमा भव्य रूपमा 'गौरा पर्व विशेष कार्यक्रम' आयोजना हुने भएको छ।

मलेसियामा रहेका नेपाली समुदायबीच आपसी एकता, सद्भाव र भाइचारा अझ मजबुत बनाउँदै सुदूरपश्चिमको मौलिक संस्कृति, परम्परा र पहिचानलाई नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको समाजका अध्यक्ष दिनेश खड्का 'खप्तडी'ले जानकारी दिए ।

कार्यक्रमका आयोजक तथा पूर्व उपप्रधानमन्त्री एवं रक्षामन्त्री, पूर्व गृहमन्त्री तथा पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री डा. भीमबहादुर रावल रहनुहुनेछ । कार्यक्रममा नेपाल राजदूतावास, मलेसियाको विशेष उपस्थिति रहने आयोजकले जनाएको छ ।

कार्यक्रममा बहुचर्चित नवउँदयमान गायक जे.आर. भट्ट, गायक जनकराज महरा तथा स्थानीय कलाकारहरू टेकम पाण्डे 'जिज्ञासु', भक्त बी.सी., रमेश शेसी, बिरेन्द्र सुनार र काशी गुरुङको प्रस्तुति रहनेछ ।

त्यस्तै बिना तामाङ, भिम घलान तामाङ र डोम्साङ गोले तामाङको नृत्य प्रस्तुति समेत रहने आयोजकले जनाएको छ। सुदूरपश्चिमको मौलिक सांस्कृतिक पहिचान झल्काउने यस विशेष कार्यक्रममा मलेसियामा रहेका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई उपस्थित भई कार्यक्रमको गरिमा बढाइदिनुका साथै सहयोग र सहभागिताका लागि आयोजकले हार्दिक अनुरोध गरेको छ ।

सर्लाहीको भूमिगत सिँचाइ प्रमुखसहित दुईजनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं / मस-अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीको भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका कार्यालय प्रमुख अनुपमा ढकाल र सोही कार्यालयका मेकानिकल अधिकृत छैठौं तुलाकान्त चौधरीलाई घुस लिएर भ्रष्टाचार गरेको भन्दै बुधबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

आयोगको टोलीले केही समय अघि कार्यालय प्रमुख ढकाल र मेकानिकल अधिकृत चौधरीको मिलेमतोमा बोरिङ र मोटर जडानकार्य सम्पन्न भएपछि अवैध रूपमा सात लाख ५० हजार घुस लिएको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानले दुवै जनाले रु सात लाख ५० हजार घुस लिएको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजलाई बिगो सात लाख ५० हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजायको माग माग दावी गरेको बताए ।

अनेसास नेपाल च्याप्टरको अध्यक्षमा मञ्जिला अनिल निर्वाचित

काठमाडौं / मस- हालै सम्पन्न अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याप्टरको अध्यक्षमा वरिष्ठ साहित्यकार मञ्जिला अनिल निर्वाचित भएकी छिन् । १५ सदस्यीय कार्यसमितिका लागि खसेको कुल ८५ मतमध्ये मञ्जिला अनिलले ६३ मत प्राप्त गरेकी हुन् । अध्यक्षका अर्का उम्मेदवार साहित्यकार निर्णलरमल पराजुलीले २२ मत प्राप्त गरेका थिए ।

यसैगरी वरिष्ठ उपाध्यक्षमा पत्रकारिता, कानुन र साहित्यको क्षेत्रमा लामो अनुभव बटुलेकी कमला ओली चुनिएकी छिन् । उनी सूचना आयोगकी निवर्तमान प्रवक्ता एवं सदस्यसमेत हुन् ।

त्यस्तै उपाध्यक्षमा रञ्जना निरौला, महासचिवमा रमेश दाहाल, सचिवमा खेमराज न्यौपाने र कोषाध्यक्षमा कमला रिसाल चुनिएका छन् ।

सदस्यहरूमा साहित्यकारहरू रत्नलक्ष्मी श्रेष्ठ, राधिका गुरागाईं, केवला भट्टराई, देवेन्द्र पराजुली, सुषमा आचार्य, उषा केसी, डीआर राई, शान्ति न्यौपाने रिसाल र इन्दिरा ढकाल रहेका छन् । नवनिर्वाचित कार्यसमितिले थप दुई जना सदस्य तथा केही सल्लाहकार मनोनित गर्ने जनाइएको छ । समितिको कार्यकाल दुई वर्षको रहनेछ ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले विश्वभर छरिएर रहेका नेपाली भाषा तथा साहित्यप्रेमीलाई जोड्दै नेपाली भाषा, साहित्य र संस्कृतिको प्रवर्धन तथा संरक्षणमा काम गर्दै आएको छ ।

VACANCY ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
☑ पब्लिक रिलेसन अफिसर (पि.आर.ओ) – (१० पुरुष / १० महिला)
- सम्बन्धित क्षेत्रमा न्यूनतम १ वर्षको कार्य अनुभव अनिवार्य,
- युएई र साउदीका लागि आवश्यक कागजात संकलन गर्न सक्ने ।
तलब : आपसी समझदारीमा निर्धारण गरिनेछ, साथै कमिसन उपलब्ध हुनेछ ।
तिरुपति इन्टरनेशनल म्यानपावर प्रा.लि.
इजाजत पत्र नं.: ८४७/०६६/६७
भीमसेनगोला, काठमाडौं, नेपाल
सम्पर्क नं. उमेश सर : ९८६१९६०१४७, ९८०३०९३८१४, ९८१८७७१४९८
E-Mail : tirupatimanpower613@gmail.com

कर्मचारी आवश्यकता
एक प्रतिष्ठित वैदेशिक रोजगार व्यवसायी संस्था निम्न पदहरुमा योग्य तथा अनुभवी उम्मेदवारहरूको खोजी गरिरहेको छ ।
- पब्लिक रिलेशन अफिसर (पि.आर.ओ) – ५ जना (पुरुष/महिला)
- रिसेप्सनिस्ट – २ जना (महिला)
- डकुमेन्टेसन कर्मचारी – २ जना (महिला)
तलब आपसी सहमतिमा
योग्यता तथा आवश्यकताहरू
- न्यूनतम +२ उत्तीर्ण भएको। - आधारभूत कम्प्युटर ज्ञान भएको।
- सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको ।
गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि.
श्रम इजाजत नं. ७७९/०६५/०६६
पुल्चोक, ललितपुर, सम्पर्क: ५४०९१०८, ५४५००६१
इमेल: gorkhahrs779@gmail.com, सम्पर्क नं. ९८१८१०६४०६

VACANCY ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
☑ Public Relation Officer (PRO) - 2 (Male/Female)
☑ Documentation - 2 (Male/Female)
Office Time : 10 AM to 6 PM
- Education : SEE Passed.
- Experienced in Related Fields.
Duty Meal Provided by Office
Salary Range : Will discuss while interview
Send Your CV at info.guideline2024@gmail.com
GUIDELINE RECRUITMENT SERVICES PVT.LTD.
Govt.Lic.No 1061/073/74
Samakhusi Jhaldhara Marga, Kathmandu,
Contact No : 01-4389497, 9823461212
Web : www.guidelinerecruitment.com

VACANCY ANNOUNCEMENT
One of the leading Manpower Company in Kathmandu is seeking for following applicant.
☑ Documentation - 2 (M/F)
☑ receptionist - 2 (M/F)
Salary Negotiable
Requirements :-
- Must have relevant work experience.
- Good communication and interpersonal skills.
- Candidates should be responsible, professional and team-oriented.
Send CV at goldovs2074@gmail.com
GOLD OVERSEAS PVT. LTD.
Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

विपद्‌मा सरकारलाई साथ दिऊँ

रसुवाको भोटेकोशीमा आएको भीषण बाढीले फेरि एकपटक हामीलाई गम्भीर पाठ सिकाएको छ । बाढीले रसुवागढीदेखि नुवाकोट, धादिङ हुँदै चितवनसम्म ठुलो क्षति पुऱ्याएको छ । नदीतटीय क्षेत्रका सयौं मानिस बेपत्ता छन् भने एक सयभन्दा धेरै शव भेटिइसकेका छन् । घर, सडक, पुल, सरकारी कार्यालय, भन्सार, जलविद्युत् आयोजना र अन्य संरचनामा अकल्पनीय क्षति पुगेको छ । बाढी अचानक आएकाले मानिसहरूले भाग्ने समयसमेत पाएनन् । तिब्बततर्फ पहिरोका कारण खोला थुनिएर बनेको ताल फुट्दा बाढी आएको प्रारम्भिक अनुमान छ । बाढीको बहाव निकै तीव्र रहेकाले तिब्बतबाट नेपाली सीमासम्म आइपुग्न धेरै समय नलागेको विज्ञहरूले बताएका छन् । त्यसैले समयमै सूचना दिन कठिन भएको बाढी पूर्वसूचना केन्द्रको दाबी छ ।

तर, यही कठिनाइलाई देखाएर सरकारी निकायहरू उम्किन मिल्दैन । किनभने यो क्षेत्रमा बाढीको जोखिमबारे पहिल्यै थाहा थियो । गत वर्ष पनि ल्हेन्दे खोलामा अचानक आएको बाढीले नौजनाको ज्यान लिएको थियो भने १८ जना बेपत्ता भएका थिए । त्यसपछि सीमा क्षेत्रमा हुने विपद्‌का लागि नेपाल र चीनबीच सूचना आदानप्रदान र समन्वय बलियो बनाउनुपर्ने निष्कर्ष निकालिएको थियो । चौध महिनामै फेरि त्यही क्षेत्रमा ठुलो विपद् आएको छ । यसपटक पनि समयमै पर्याप्त सूचना प्राप्त भएन । अझ दुःखलाग्दो कुरा, विपद् आइपरेपछि मात्र पूर्वसूचना प्रणालीबारे छलफल गर्न थालिएको देखिन्छ ।

यसले हाम्रो विपद् तयारीमाथि प्रश्न उठाएको छ । पूर्वसूचना प्रणालीले बाढी कहिले आउँछ भनेर मात्र बताउँदैन, जोखिमको कुनै संकेत पाउनेबित्तिकै त्यो सूचना सम्बन्धित ठाउँसम्म पुऱ्याउने र मानिसलाई सुरक्षित ठाउँमा सार्ने व्यवस्थामा सघाउँछ । सूचना पाएर पनि मानिसलाई जोगाउन सकिएन भने त्यस्तो प्रणालीको अर्थ रहँदैन ।

सरकारले यो घटनालाई एउटा विपद्‌का रूपमा मात्र हेर्नुहुँदैन । यसबाट सिक्नुपर्छ । विगतमा सार्वजनिक विभिन्न अध्ययनले तिब्बतका हिमताल फुट्ने सम्भावनालाई औल्याएका छन् । तिब्बतका यस्ता घटनाको सूचना नेपालले छिटो पाउने व्यवस्था मिलाउन चीनसँग तत्काले सहकार्य गर्न जरूरी छ । नदी र खोलातटीय क्षेत्रका जोखिममा रहेका बस्तीको पहिचान गरेर आवश्यक निर्णय लिनुपर्छ । स्थानीय तहदेखि सुरक्षा निकायसम्म सबैलाई एउटै योजनामा जोड्नुपर्छ । सूचना आएपछि कसले के गर्ने भन्ने कुरा पहिल्यै स्पष्ट हुनुपर्छ ।

अहिलेको पहिलो प्राथमिकता उद्धार र राहत हो । बेपत्ताको खोजी र प्रभावित नागरिकको संरक्षण पहिलो जिम्मेवारी हो । त्यसका लागि सरकारले युद्धस्तरमा काम गरोस् । आमनागरिकले सरकारलाई साथ दिऊँ ।

प्रकृतिलाई रोक्न सकिँदैन । अचानक आउने बाढीपहिरोजस्ता विपतलाई झन् रोक्न सकिँदैन । तर, त्यसबाट हुने क्षति घटाउन सकिन्छ । त्यसका लागि पूर्वसूचना, तयारी, समन्वय र जिम्मेवार राज्यसंयन्त्र चाहिन्छ । गत वर्षको बाढीबाट पर्याप्त पाठ नसिक्दा यसपटक अझ ठुलो क्षति व्यहोर्नुपरेको देखिन्छ । अब पनि नचेते अर्को विपद्‌पछि प्रश्न उही हुने छ- हामीले अघिल्लो विपद्‌बाट आखिर के सिक्यौं ?

प्राविधिक शिक्षा र कृषि क्रान्ति

नेपालको समृद्धिका लागि प्राविधिक शिक्षा र कृषि क्रान्ति दुई मुख्य आधार हुन् । परम्परागत खेतीलाई प्रविधि, सीप र उद्यमशीलतासँग जोडेर खेतदेखि बजारसम्मको मूल्य शृंखला आधुनिक बनाउन सके मात्र युवावर्ग स्वदेशमै रोकिनेछन् र आत्मनिर्भर तथा प्रतिस्पर्धी अर्थतन्त्रको निर्माण हुनेछ ।

अग्रलेख

● रामप्रसाद पौडेल

नेपालको समृद्धिको सपना कुनै नयाँ सपना होइन । पुस्तौंदेखि नेपाली समाजले समुन्नत, आत्मनिर्भर र स्वाभिमानी राष्ट्रको कल्पना गर्दै आएको छ । हिमालको उचाइ, पहाडको श्रमशीलता र तराईको उर्वर माटोले प्रकृतिले हामीलाई दिएको सम्भावनाको विशाल भण्डार बोकेका छन् । तर, सम्भावना आफैं समृद्धिमा रूपान्तरण हुँदैन । त्यसका लागि ज्ञान चाहिन्छ, सीप चाहिन्छ, प्रविधि चाहिन्छ अझ सबैभन्दा बढी त्यसलाई उत्पादनसँग जोड्ने दूरदृष्टि चाहिन्छ । यही सन्दर्भमा प्राविधिक शिक्षा र कृषि क्रान्ति नेपालको आर्थिक रूपान्तरणका दुई परिपूरक आधार हुन् ।

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान अझै महत्त्वपूर्ण छ । ठुलो जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा आश्रित छ । तर, हाम्रो कृषि अझै पनि ठुलो हदसम्म परम्परागत उत्पादन प्रणाली, वर्षामा निर्भरता, साना तथा खण्डित भू-स्वामित्व, न्यून यान्त्रीकरण, कमजोर बजार संरचना र अपर्याप्त भण्डारण तथा प्रशोधनको समस्याबाट गुज्रिरहेको छ । खेतमा किसानको पसिना बग्छ, तर उत्पादनको मूल्य शृंखलामा किसानको हिस्सा अपेक्षाकृत न्यून रहन्छ । यही विरोधाभास नेपालको कृषि विकासको सबैभन्दा ठुलो चुनौती हो ।

अब प्रश्न कृषि गर्ने कि नगर्ने भन्ने होइन, कृषिलाई कसरी ज्ञान, विज्ञान र प्रविधिमा आधारित लाभदायक व्यवसाय बनाउने भन्ने हो । यस प्रश्नको उत्तर खोज्दा प्राविधिक शिक्षाको महत्त्व स्वतः उजागर हुन्छ । प्राविधिक शिक्षा केवल हातमा एउटा प्रमाणपत्र थमाउने माध्यम होइन । यो ज्ञानलाई सीपमा, सीपलाई उत्पादनमा र उत्पादनलाई रोजगारी तथा उद्यममा रूपान्तरण गर्ने माध्यम हो । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा काम गर्दै आएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)ले कृषि, पशु विज्ञान, वन, इन्जिनियरिङ, स्वास्थ्यलगायत विविध क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्दै आएको छ ।

एआई

आजको कृषि हिजोको कृषि रहेन । माटोको परीक्षणदेखि मौसमको पूर्वानुमानसम्म, उन्नत बीउदेखि स्मार्ट सिँचाइसम्म, कृषि यान्त्रीकरणदेखि ड्रोन र डिजिटल प्रविधिसम्म आधुनिक कृषिले विज्ञानका अनेक आयाम आत्मसात् गरिसकेको छ । रोग तथा किराको वैज्ञानिक पहिचान, जैविक मलको प्रयोग, सुरक्षित खेती (संरक्षित खेती), माटोविना गरिने खेती (हाइड्रोपोनिक्स), कृषि बिमा, शीतभण्डार, खाद्य प्रशोधन र डिजिटल बजार आधुनिक कृषि प्रणालीका महत्त्वपूर्ण अवयव बनिरहेका छन् । यी प्रविधि खेतमा पुऱ्याउन दक्ष कृषि प्राविधिक चाहिन्छ । त्यसैले कृषि क्रान्तिको पहिलो सर्त उत्पादनको विस्तार मात्र होइन, ज्ञान र सीपको विस्तार हो ।

नेपालको कृषि शिक्षालाई पनि अब परम्परागत ढाँचाबाट बाहिर निकाल्न आवश्यक छ । किसानलाई केवल खेती गर्ने व्यक्ति होइन, कृषि उद्यमीका रूपमा हेर्नुपर्छ । कृषि पढेको युवा सरकारी रोजगारीको प्रतीक्षामा बस्ने होइन, आफैं उत्पादन, प्रशोधन, बजारीकरण र सेवा व्यवसाय सञ्चालन गर्न सक्ने हुनुपर्छ । नर्सरी, बीउ उत्पादन, आधुनिक पशुपालन, मत्स्यपालन, मौरीपालन, कृषि यन्त्र सेवा, खाद्य प्रशोधन, कृषि परामर्श र डिजिटल कृषि सेवा युवाका सम्भावित उद्यमका क्षेत्र बन्न सक्छन् ।

यसका लागि प्राविधिक शिक्षालयलाई वास्तविक उत्पादनसँग जोड्नुपर्छ । कक्षाकोठामा पढाइने पाठ खेतमा परीक्षण हुनुपर्छ । प्रयोगशालामा सिकेको ज्ञान किसानको खेतसम्म पुग्नुपर्छ । शिक्षालय, किसान, सहकारी, अनुसन्धान संस्था, स्थानीय सरकार र निजी क्षेत्रबीचको सहकार्यलाई संस्थागत गर्न सकियो भने प्राविधिक शिक्षा उत्पादनको जीवन्त प्रयोगशाला बन्न सक्छ ।

नेपालको भौगोलिक विविधता आफैंमा कृषि विकासको ठुलो पुँजी हो । हिमाली क्षेत्रमा स्याउ, आलु, जडीबुटी, पशुपालन र उच्च मूल्यका बालीको सम्भावना छ । पहाडी क्षेत्रमा कफी, चिया, फलफूल, तरकारी, अदुवा, अलैंची तथा पशुपालन विस्तार गर्न सकिन्छ । तराईमा धान, गहुँ, मकै, उखु, तेलहन, तरकारी, माछा तथा व्यावसायिक पशुपालनको ठुलो सम्भावना छ । त्यसैले देशभर एउटै कृषि नीति र एउटै उत्पादन ढाँचा थोपर्नुभन्दा भूगोल, हावापानी, बजार र स्थानीय सम्भावनामा आधारित कृषि प्रणाली विकास गर्नु बुद्धिमानी हुनेछ ।

कृषि क्रान्तिको अर्को महत्त्वपूर्ण आयाम हो- उत्पादनपछिको मूल्य अभिवृद्धि । यो वर्तमानको अपरिहार्य आवश्यकता हो भन्दा अतिशयोक्ति हुने छैन । किसानले उत्पादन गरेको फलफूल, तरकारी, दूध, अन्न वा जडीबुटी कच्चापदार्थकै रूपमा बिक्री हुँदा प्राप्त हुने मूल्य सीमित हुन्छ । तर, त्यसलाई प्रशोधन, पोका पार्ने (प्याकेजिङ) र पहिचान दिने (ब्रान्डिङ) गरेर बजारमा पुऱ्याउन सकियो भने त्यही उत्पादनले धेरै गुणा आर्थिक मूल्य सिर्जना गर्न सक्छ । दूधबाट दही, घिउ, पनिर र अन्य दुग्धजन्य पदार्थ; फलफूलबाट जुस, जाम र सुकुटी; अनि अदुवा, बेसार, अलैंची तथा जडीबुटीबाट प्रशोधित वस्तु उत्पादन गर्न सकिन्छ । यसले किसानको आम्दानी बढाउनुका साथै ग्रामीण क्षेत्रमा उद्योग र रोजगारी सिर्जना गर्छ । त्यसैले कृषि क्रान्ति भनेको केवल खेतमा बढी अन्न फलाउनु होइन, खेतदेखि बजारसम्मको सम्पूर्ण मूल्य शृंखलालाई आधुनिक बनाउनु हो ।

यस प्रक्रियामा सूचना प्रविधिको भूमिका पनि बढ्दो छ । मोबाइल फोनमार्फत किसानले मौसमको सूचना, बजार मूल्य, रोग-कीराको पहिचान, कृषि विज्ञको परामर्श र उत्पादन बिक्रीका अवसर प्राप्त गर्न सक्ने अवस्था सिर्जना गर्नुपर्छ । भविष्यको कृषि अझ बढी तथ्यांक (डेटा), प्रविधि र वैज्ञानिक निर्णयमा आधारित हुनेछ । कृत्रिम बौद्धिकता (एआई), सेन्सर, ड्रोन, स्मार्ट सिँचाइ र डिजिटल कृषि बजारजस्ता प्रविधि नेपालका लागि पनि बिस्तारै व्यावहारिक विकल्प बन्न सक्छन् ।

तर, प्रविधि आफैं खेतमा पुग्दैन । प्रविधिलाई उत्पादनमा रूपान्तरण गर्ने हात चाहिन्छ । त्यो हातलाई सीप चाहिन्छ । यही कारण प्राविधिक शिक्षाको विस्तारसँगै यसको गुणस्तरमा पनि विशेष ध्यान दिनुपर्छ । पाठ्यक्रम समयानुकूल हुनुपर्छ । प्रयोगात्मक शिक्षा बलियो हुनुपर्छ । उद्योग र शिक्षालयबीचको सम्बन्ध घनिष्ठ हुनुपर्छ । सीप परीक्षण, प्रशिक्षार्थी काम (इन्टर्नसिप र अप्रेन्टिससिप) तथा उद्यमशीलतालाई शिक्षाको अभिन्न अंग बनाउनुपर्छ । प्रमाणपत्र प्राप्त गरेपछि मात्र शिक्षा पूरा भएको मान्ने होइन, सीपलाई वास्तविक उत्पादनमा प्रयोग गर्न सक्ने भएपछि मात्र शिक्षा सार्थक भएको मान्ने संस्कार विकास गर्नुपर्छ ।

यसका साथै राज्यले युवालाई कृषि उद्यममा आकर्षित गर्न अनुकूल वातावरण निर्माण गर्नुपर्छ । सहुलियतपूर्ण ऋण, कृषि बिमा, प्राविधिक परामर्श, उत्पादनको बजार सुनिश्चितता, शीतभण्डार, सिँचाइ, बिजुली, ग्रामीण सडक तथा प्रशोधन उद्योगजस्ता पूर्वाधारको विकास अपरिहार्य छ । किसानलाई 'उत्पादन गर' भनेर मात्र हुँदैन, उत्पादनपछि बजार पनि राज्यले सुनिश्चित गर्नुपर्छ ।

स्थानीय तह यस अभियानको सबैभन्दा प्रभावकारी साझेदार बन्न सक्छ । प्रत्येक पालिकाले आफ्नो भूगोल र सम्भावनाअनुसार 'स्थानीय कृषि उत्पादन योजना' बनाउन सक्छ । प्राविधिक शिक्षालयलाई स्थानीय उत्पादनसँग जोड्न सकिन्छ । विद्यालय र कलेजका कृषि कार्यक्रमलाई नमुना फार्मसँग जोड्न सकिन्छ । सहकारीलाई संकलन, भण्डारण र बजारीकरणमा परिचालन गर्न सकिन्छ । निजी क्षेत्रलाई प्रशोधन र बजार विस्तारमा प्रोत्साहित गर्न सकिन्छ ।

यसरी हेर्दा प्राविधिक शिक्षा र कृषि एउटै विकास यात्राका दुई पाटा हुन् । प्राविधिक शिक्षा ज्ञानको स्रोत हो भने कृषि त्यस ज्ञानको उत्पादनमूलक प्रयोगशाला । एउटाले सीपयुक्त जनशक्ति निर्माण गर्छ, अर्कोले त्यस जनशक्तिलाई उत्पादन र उद्यमको मैदान प्रदान गर्छ ।

नेपालको अर्को ठुलो चुनौती युवा जनशक्तिको विदेश पलायन हो । रोजगारी र अवसरको खोजीमा युवाहरू विदेश जान बाध्य भइरहेका छन् । विदेशमा श्रम बेच्ने युवा स्वदेशमै आधुनिक कृषि उद्यमको नेतृत्व गर्न सक्ने अवस्था सिर्जना गर्न सके देशको आर्थिक संरचनामै परिवर्तन आउन सक्छ । त्यसैले युवालाई कृषि क्षेत्रमा आकर्षित गर्न 'कृषि गर' भन्ने उपदेशभन्दा 'कृषिबाट सम्मानजनक आम्दानी र उद्यम गर्न सकिन्छ' भन्ने व्यावहारिक वातावरण आवश्यक छ ।

हामीले कृषिलाई गरिबीको प्रतीक होइन, समृद्धिको व्यवसाय बनाउनुपर्छ । किसानलाई परम्परागत श्रमिक होइन, आधुनिक उद्यमीका रूपमा सम्मान गर्नुपर्छ । कृषि प्राविधिकलाई कार्यालयमा सीमित कर्मचारी होइन, उत्पादन वृद्धिको अग्रदूतका रूपमा स्थापित गर्नुपर्छ । प्राविधिक शिक्षालयलाई परीक्षा केन्द्र होइन, स्थानीय आर्थिक रूपान्तरणको केन्द्र बनाउनुपर्छ ।

समृद्धिको यात्रामा आत्मनिर्भरता पनि उत्तिकै महत्त्वपूर्ण छ । अत्यधिक आयातमा आधारित अर्थतन्त्र दीर्घकालीन रूपमा बलियो हुन सक्दैन । नेपालले आफ्नै माटोमा उत्पादन बढाएर आयात प्रतिस्थापन गर्नुपर्छ र सम्भव भएका कृषि तथा कृषि-आधारित वस्तु विदेशी बजारमा निर्यात गर्नुपर्छ । हिमालको जडीबुटी, पहाडको कफी, चिया र फलफूल तथा तराईका कृषि उत्पादनलाई गुणस्तर, प्रशोधन र ब्रान्डिङसँग जोड्न सके नेपाली कृषि अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न सक्छ ।

अन्ततः कृषि क्रान्ति केवल खेतको हरियाली होइन, यो ज्ञानको हरियाली, रोजगारीको हरियाली, उद्यमशीलताको हरियाली र राष्ट्रिय अर्थतन्त्रको हरियाली हो । त्यसको बीउ प्राविधिक शिक्षामा रोपिन्छ, किसानको श्रमले त्यसलाई हुर्काउँछ, प्रविधिले उत्पादन बढाउँछ, उद्यमशीलताले मूल्य थप्छ र बजारले त्यसलाई आर्थिक शक्तिमा रूपान्तरण गर्छ ।

नेपालसँग माटो छ, पानी छ, जैविक विविधता छ, श्रमशील किसान छन् र सिर्जनशील युवा शक्ति छ । कमी छ भने त्यसलाई एउटै राष्ट्रिय दृष्टिमा जोड्ने दृढ इच्छाशक्तिको छ । अब विकासको बहस प्रमाणपत्रको संख्यामा होइन, कति दक्ष जनशक्ति उत्पादन भए, कति उद्यमी जन्मिए, कति खेत प्रविधिमैत्री बने, कति रोजगारी सिर्जना भयो र कति नेपाली उत्पादन विश्व बजारमा पुगे भन्ने परिणाममा केन्द्रित हुनुपर्छ ।

त्यसैले आजको नेपालको आवश्यकता स्पष्ट छ–सीपयुक्त युवा, वैज्ञानिक कृषि, प्रविधिमैत्री उत्पादन र उद्यमशील अर्थतन्त्र । प्राविधिक शिक्षा र कृषिलाई एउटै विकासको दृष्टिमा बाँध्न सकियो भने नेपालको माटोले केवल अन्न फलाउने मात्र छैन, यसले रोजगारी, आत्मनिर्भरता, सम्मान र समृद्धिको नयाँ इतिहास पनि फलाउनेछ । कृषिमा विज्ञानको स्पर्श, युवाको हातमा सीप र उत्पादनमा प्रविधिको शक्ति हुनु आवश्यक छ । यही त्रिवेणीबाट समृद्ध नेपालको नयाँ यात्रा आरम्भ हुन सक्छ ।

(लेखक प्राविधिक शिक्षाका अभियन्ता हुन् ।)

जगत् नायक मोहम्मद

मोहम्मद डे

● मोहम्मद जाकिर हुसैन

हजरत मोहम्मद धार्मिक पथप्रदर्शक मात्र नभई एक कुशल समाजसुधारक, राज्यनिर्माता, कूटनीतिज्ञ र न्यायका संवाहक हुनुहुन्थ्यो । एकेश्वरवाद, मानव समानता, सामाजिक न्याय र नैतिक चरित्रमा आधारित उहाँको शिक्षाले चौध शताब्दीदेखि विश्वको आस्था, कानुन र सभ्यतालाई गहिरो रूपमा प्रभावित पारिरहेको छ ।

मानव इतिहासको विशाल यात्रामा अनेकौं महान् व्यक्तित्वहरू जन्मिए, जसले आफ्नो समय, समाज र सभ्यताको दिशामा गहिरो प्रभाव पारे । कसैले राजनीतिक क्रान्ति गरे, कसैले ज्ञान-विज्ञानको विकास गरे भने कसैले सामाजिक सुधारको अभियान चलाए । तर धार्मिक, सामाजिक, नैतिक, राजनीतिक तथा सभ्यतागत प्रभावलाई एकसाथ हेर्दा विश्व इतिहासका अत्यन्त प्रभावशाली व्यक्तित्वमध्ये एक हुनुहुन्छ- मोहम्मद ।

इस्लामी विश्वासअनुसार उहाँ अल्लाहका अन्तिम नबी (सन्देष्टा) तथा रसुल (सन्देशवाहक) हुनुहुन्छ । इतिहासको दृष्टिले उहाँ धार्मिक पथप्रदर्शक, समाजसुधारक, समुदाय-निर्माता, राजनेता, प्रशासक, कूटनीतिज्ञ र न्यायका प्रवक्ता हुनुहुन्छ । 'जगत् नायक' भन्ने अभिव्यक्तिले उहाँको विश्वव्यापी प्रभावलाई जनाउँछ । उहाँको जीवन-दर्शन र शिक्षाले चौध शताब्दीभन्दा बढी समयदेखि विश्वका करोडौं मानिसको आस्था, संस्कृति, कानुन र नैतिक चेतनालाई निरन्तर प्रभावित पारिरहेको छ ।

पारिवारिक पृष्ठभूमि र तत्कालीन समाज

मोहम्मदको जन्म सन् ५७०मा मक्काको प्रतिष्ठित कुरैस कबिलाअन्तर्गत बनु हासिम परिवारमा भएको थियो । उहाँ जन्मिनुअघि नै पिता अब्दुल्लाहको निधन भइसकेको थियो भने माता आमिनाको पनि उहाँको बाल्यकालमै निधन भयो । त्यसपछि उहाँ हजुरबुवा अब्दुल मुत्तलिब र काका अबु तालिबको स्नेही संरक्षणमा हुर्किनुभयो । २५ वर्षको उमेरमा उहाँले ४० वर्षीया खदिजा बिन्त खुवैलिदसँग विवाह गर्नुभयो । सन् ६३२ मा मदिनामा उहाँको निधन भयो ।

मोहम्मदको जन्म हुँदा अरब समाज कबिलाई संरचनामा आधारित थियो, जहाँ गोत्रीय निष्ठा, द्वन्द्व र प्रतिशोधको परम्परा व्याप्त थियो । मक्का व्यापारिक र धार्मिक केन्द्र भए पनि समाजमा आर्थिक असमानता, अनाथको शोषण र महिलाको कमजोर सामाजिक अवस्थाजस्ता गम्भीर समस्या थिए । यद्यपि, तत्कालीन अरबमा अतिथि सत्कार, बहादुरी र वचनको पालनजस्ता सकारात्मक गुण पनि थिए । यही परिवेशमा मोहम्मदले एकेश्वरवाद, नैतिकता, न्याय र मानव उत्तरदायित्वको सन्देश दिनुभयो ।

चरित्रबाट स्थापित नेतृत्व र समानताको सन्देश

मोहम्मदको नेतृत्वको सबैभन्दा ठुलो आधार उहाँको निष्कलंक र अनुकरणीय व्यक्तिगत चरित्र थियो । इस्लामी परम्परामा उहाँलाई 'अल-अमिन' अर्थात् सत्यवादी र विश्वसनीय व्यक्तिका रूपमा वर्णन गरिएको छ । उहाँको दृष्टिमा धर्म केवल पूजा-आजा र उपासना पद्धतिमा मात्र सीमित थिएन, धर्मले मानिसको चरित्र निर्माण गर्नुपर्छ भन्ने उहाँको दृढ मान्यता थियो ।

उहाँको शिक्षाको अर्को महत्त्वपूर्ण पक्ष मानव समानता हो । मानिसको श्रेष्ठता वंश, धन, जात वा कबिलामा नभई उसको नैतिक आचरण र ईश्वरभीरुता (तक्वा)मा आधारित हुन्छ भन्ने विचारले तत्कालीन अरब समाजमा क्रान्तिकारी दृष्टिकोण प्रस्तुत गऱ्यो । उहाँले महिलालाई विवाह, महर र सम्पत्तिसम्बन्धी अधिकार प्रदान गर्नुका साथै अनाथको संरक्षण, दासहरूप्रति मानवीय व्यवहार र समाजका कमजोर वर्गको सुरक्षाका लागि स्पष्ट निर्देशनहरू दिनुभयो ।

मक्कादेखि मदिनासम्म र राज्य-निर्माण

मोहम्मदको जीवनमा सन् ६२२को हिजरत (मक्काबाट मदिना प्रस्थान) एउटा ऐतिहासिक र निर्णायक मोड थियो । मक्कामा चरम उत्पीडन सहनुपरेपछि उहाँ अनुयायीहरूसहित मदिना जानुभयो । मदिनामा उहाँ धार्मिक नेताका साथै राजनीतिक तथा प्रशासनिक प्रमुखका रूपमा स्थापित हुनुभयो ।

मदिनामा उहाँले विभिन्न कबिला र धार्मिक समुदायबीच सहअस्तित्व कायम गर्न 'मदिनाको संविधान' (मदिना सम्झौता) निर्माण गर्नुभयो । यस दस्तावेजले मुस्लिम र गैर-मुस्लिम (विशेष गरी यहूदी) समुदायका अधिकार र जिम्मेवारीलाई व्यवस्थित गर्दै साझा सुरक्षा र राजनीतिक सहकार्यको अद्वितीय नमुना पेस गऱ्यो । उहाँको शासनव्यवस्थामा परामर्श अर्थात् 'शूरा' र न्यायलाई सर्वोच्च प्राथमिकता दिइयो ।

आर्थिक न्याय, कूटनीति र मक्का विजय

मोहम्मदको शासनमा आर्थिक न्यायलाई विशेष महत्त्व दिइयो । 'जकात' र 'सदका'जस्ता प्रणालीमार्फत सम्पन्न वर्गको सम्पत्तिबाट गरिब र असहायको अधिकार सुरक्षित गरियो । व्यापारमा इमानदारी, नापतौलमा निष्पक्षता र धोखाधडीको अन्त्य उहाँका प्रमुख आर्थिक निर्देशिका थिए ।

मदिनाको सुरक्षाका लागि बद्र, उहूद र खन्दकजस्ता युद्धहरू भए, जुन केवल धार्मिक नभई राज्यको सुरक्षा र कबिलाई राजनीतिसँग जोडिएका थिए । उहाँ सैन्य प्रमुखका साथै कुशल कूटनीतिज्ञ पनि हुनुहुन्थ्यो, जसको उदाहरण 'हुदैबियाको सन्धि' हो । सन् ६३०मा मक्का विजय गरेपछि लामो समय उत्पीडन गर्नेहरूमाथि प्रतिशोध लिनुको सट्टा उहाँले व्यापक क्षमाको घोषणा गर्नुभयो, जुन राजनीतिक दूरदृष्टिको उत्कृष्ट उदाहरण मानिन्छ ।

ज्ञान, सभ्यता र धार्मिक जग

मोहम्मदको सन्देशमा ज्ञानलाई उच्च प्राथमिकता दिइएको छ । कुरआनको पहिलो अवतरण 'इकरा' (पढ/वाचन गर)बाट सुरु हुनुले नै ज्ञानप्रतिको गहिरो प्रेरणा व्यक्त गर्छ । यही बौद्धिक पृष्ठभूमिमा टेकेर पछिल्ला शताब्दीहरूमा इस्लामी सभ्यताले गणित, चिकित्सा, खगोलशास्त्र, दर्शन र साहित्यमा विश्वलाई अतुलनीय योगदान पुऱ्यायो ।

धार्मिक दृष्टिले उहाँलाई नयाँ धर्मको संस्थापक नभई आदमदेखि चलेको एकेश्वरवादी (तौहिद) सन्देशका अन्तिम दूत मानिन्छ । उहाँमाथि २३ वर्षको अवधिमा अवतरित 'कुरआन' सर्वोपरि मार्गदर्शन र संवैधानिक स्रोत हो । इस्लामका पाँच स्तम्भ–सहादत (आस्था), सलात (प्रार्थना), जकात (दान), सौम (व्रत/रोजा) र हज्ज (तीर्थाटन) हुन्, जसले मानवको आध्यात्मिक र व्यावहारिक जीवनलाई अनुशासित बनाउँछन् ।

हजरत मोहम्मदले विभाजित अरब समाजलाई एउटै नैतिक र राजनीतिक सूत्रमा बाँधी विश्व इतिहासमा गहिरो प्रभाव छाड्नुभयो । उहाँको जीवनले धर्मलाई नैतिकता, सामाजिक न्याय, सुशासन र मानव उत्तरदायित्वसँग जोडेको छ । आजको विश्वमा विद्यमान हिंसा, असमानता र नैतिक संकटको समाधानका लागि उहाँको सत्यनिष्ठा, करुणा, न्याय र सहअस्तित्वको शिक्षा अझ बढी सान्दर्भिक बनेको छ ।

(लेखक पूर्वमन्त्री तथा राष्ट्र निर्माण दलका महासचिव हुन् ।)

इतिहासको पाना

● सन्तोष खडेरी

औद्योगीकरणको सुरुवात गर्ने जुद्धशमशेर

वि.सं. १९९० को विनाशकारी महाभूकम्पपछि महाराज जुद्धशमशेरले नेपालमा आधुनिक औद्योगीकरणको जग बसालेका थिए । श्री ३ बन्नासाथ मुलुकलाई औद्योगिकतातर्फ लैजाने स्पष्ट मार्गचित्र बनाएका उनको अभियानलाई महाभूकम्पले केही समय रोके पनि वि.सं. १९९१ देखि यो कार्यले पुनः निरन्तरता र तीव्रता पायो ।

औद्योगिक विकासको यही क्रममा वि.सं. १९९१मा सुनसरीको इनरुवामा नेपालकै पहिलो र तत्कालीन समयको सबैभन्दा ठुलो 'पशुपति सुगर मिल्स' स्थापना गरियो । सो चिनी मिललाई सञ्चालन अनुमति दिँदा महाराज जुद्धले कडा र दूरदर्शी सर्तहरू अघि सारेका थिए । मिलका लागि आवश्यक प्राविधिकबाहेक अन्य सम्पूर्ण कामदार स्थानीय नेपाली नै हुनुपर्ने बाध्यकारी व्यवस्था गरिएको थियो । साथै, भारतबाट ल्याइने प्राविधिकहरू कुनै पनि राजनीतिक गतिविधिमा संलग्न नरहेका र इसाई धर्मावलम्बी बाहेकका मात्र हुनुपर्ने प्रावधान राखिएको थियो । यी सर्तहरू उद्योगीले स्वीकार गरेपछि मात्र मिल स्थापनाको स्वीकृति दिइएको थियो ।

महाराज जुद्धशमशेरको अर्को महत्त्वपूर्ण नीति उद्योगहरूका लागि उपलब्ध गराइने जमिनको स्वामित्वसँग सम्बन्धित थियो । उनले उद्योग कलकारखाना सञ्चालनका लागि जमिनको भोगचलनको अधिकार मात्र सञ्चालकहरूलाई दिएका थिए भने जमिनको मूल स्वामित्व पूर्ण रूपमा नेपाल सरकारमै रहने स्पष्ट कानुनी व्यवस्था गरेका थिए ।

तर, वि.सं. २०४६को राजनीतिक परिवर्तनपछि निजीकरणको नाममा ती ऐतिहासिक उद्योगहरू निजी क्षेत्रको हातमा सुम्पिए । नयाँ सञ्चालकहरूको मुख्य चासो उद्योग सञ्चालन र उत्पादन वृद्धिमा भन्दा पनि उद्योगले ओगटेको ठुलो क्षेत्रफलको बहुमूल्य जग्गामा देखियो । परिणाम स्वरूप, निजीकरणको प्रक्रिया सुरु हुनासाथ उद्योगहरूको भौतिक अस्तित्व र उत्पादन मासियो भने उद्योगका नाममा रहेका सरकारी जमिनमा मात्र निजी व्यक्तिहरूको हालिमुहाली कायम हुन पुग्यो । (तस्विर: एआईबाट सिर्जित)

निर्माणाधीन मन्दिर तोडफोडपछि रौतहटको इनर्वामा तनाव

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, १० भदौ

रौतहट गढीमाई नगरपालिका-९ इनर्वामा ब्रह्मबाबा मन्दिर निर्माणको विषयलाई लिएर दुई पक्षबीच विवाद चर्किएको छ । निर्माणाधीन मन्दिरको संरचना रातिको समयमा तोडफोड भएपछि स्थानीयबीच तनाव बढेको हो । स्थानीयका अनुसार चन्दा तथा जनश्रमदानबाट निर्माण भइरहेको मन्दिरको पिलर र टाइबिम सोमबार राति अज्ञात समूहले भत्काएको थियो। घटनापछि आक्रोशित स्थानीयको समूहले मन्दिर तोडफोडमा संलग्न भएको आशंका गरिएका शंकर साह, उनका छोराहरू राकेश साह र विवेक साहलगायतका घरमा समेत तोडफोड गरेको बताइएको छ ।

मन्दिर निर्माण समितिका अनुसार मन्दिरको नाममा रहेको करिब तीन कट्ठा जग्गा लामो समयदेखि केही व्यक्तिले प्रयोग गर्दै आएका थिए । पुरानो संरचनामा क्षति पुगेपछि स्थानीयको भेलाले अतिक्रमित जग्गा खाली गराएर व्यवस्थित मन्दिर निर्माण गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार महेन्द्र प्रसाद यादवको अध्यक्षतामा निर्माण समिति गठन गरिएको थियो । समितिको पहलमा केही जग्गा खाली गराई कम्पाउन्ड वाल र पिलर निर्माणको काम अघि बढाइएको थियो ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा समितिका अध्यक्ष यादवले शंकर साह, राकेश साह र गम्भीरा साहलगायतले मन्दिरको जग्गा लामो समयदेखि प्रयोग गर्दै आएको आरोप लगाए । उनका अनुसार पटक-पटकको छलफलपछि केही जग्गा खाली गरिएको थियो र त्यही स्थानमा मन्दिरको संरचना निर्माण भइरहेको थियो ।

समितिका सचिव तथा वडा सदस्य जगदीश पण्डितले जग्गा खाली गर्ने विषयमा शंकर साह र राकेश साहले यसअघि सहमति जनाएर हस्ताक्षरसमेत गरेको दाबी गरे । पछि सहमतिबाट पछि हटेर मन्दिरको संरचना तोडफोड गरिएको उनको आरोप छ ।

तोडफोडपछि मन्दिर निर्माणको काम रोकिएको छ । प्रशासनसँग छलफल गरी सुरक्षाको सुनिश्चितता भएपछि मात्रै निर्माण अघि बढाइने समितिले जनाएको छ । समितिले जिल्ला प्रशासन कार्यालय गौरमा ज्ञापनपत्र बुझाउने तयारीसमेत गरेको छ। ज्ञापनपत्रमा बाँकी अतिक्रमित जग्गा खाली गराउनुपर्ने, मन्दिर तोडफोडमा संलग्नलाई कानुनी कारबाही गर्नुपर्ने र निर्माणस्थलमा सुरक्षा व्यवस्था मिलाउनुपर्ने माग राखिने जनाइएको छ । मन्दिरको संरचना तोडफोड र त्यसपछि निजी घरमा भएको क्षतिले गाउँमा तनावको अवस्था सिर्जना भएको छ । घटनामा संलग्न व्यक्तिबारे प्रहरी तथा प्रशासनको आधिकारिक अनुसन्धानपछि मात्रै वास्तविक तथ्य खुल्नेछ । यसैबीच, स्थानीय बुद्धिजीवीहरूले धार्मिक तथा जग्गासम्बन्धी विवादलाई कानुन हातमा नलिई प्रशासनको रोहबरमा वार्ताबाट समाधान गर्न आग्रह गरेका छन् ।

स्क्रब टाइफस बढेपछि दार्मामा स्वास्थ्य शिविर

प्रदीप मगर/मध्यान्ह
सल्यान, १० भदौ

सल्यानको दार्मा गाउँपालिकामा स्क्रब टाइफसको संक्रमण बढेपछि बृहत् स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । पछिल्लो एक सातामा स्क्रब टाइफस परीक्षणमा संक्रमण पुष्टि भएका दुई जनासहित रोगसँग मिल्दोजुल्दो लक्षण देखिएका अर्का एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा दार्मा गाउँपालिका-५ लयटा ढाँकाडामका ६९ वर्षीय तुलबहादुर खड्गा तथा वडा नम्बर ६ मलिवाडका ८२ वर्षीय बलबहादुर थापा र नरबहादुर बुढाथोकी रहेका छन् । खड्गा र थापाको किटमार्फत गरिएको परीक्षणमा स्क्रब टाइफस पुष्टि भएको थियो भने बुढाथोकीमा रोगसँग मिल्दोजुल्दो लक्षण देखिएको थियो ।

दार्मामा ज्वरोसहित स्क्रब टाइफसका लक्षण भएका बिरामी बढिरहेका छन् । स्थानीयका अनुसार किटमार्फत दैनिक चार-पाँच जनासम्ममा संक्रमण पुष्टि हुने गरेको छ । स्वास्थ्य संस्थामा परीक्षण किट अभाव हुँदा बिरामी निजी क्लिनिक तथा अन्य स्वास्थ्य संस्थामा पुग्नुपर्ने बाध्यता रहेको स्थानीयको गुनासो छ ।

दार्मा गाउँपालिका अध्यक्ष निमबहादुर केसीका अनुसार संक्रमण नियन्त्रणका लागि ज्वरो आएका व्यक्तिको घरघरमा पुगेर स्वास्थ्य परीक्षण तथा उपचार गर्ने काम भइरहेको छ । स्वास्थ्य संस्थामा अभाव रहेको परीक्षण किट तत्काल व्यवस्थापन गरिने उनले बताए ।

संक्रमण बढेपछि स्वास्थ्य सेवा कार्यालय सल्यानले जिल्ला च्यापिड रेस्पोन्स टिम परिचालन गरी गाउँपालिकाको समन्वयमा स्वास्थ्य शिविर सञ्चालन गरेको हो । शिविरमा चिकित्सक, प्रयोगशालाकर्मी तथा स्वास्थ्यकर्मीसहितको टोलीले स्वास्थ्य परीक्षण, रोग पहिचान, उपचार र परामर्श सेवा दिएको थियो ।

शिविरमा ४५ जना पुरुष र ६० जना महिला गरी १ सय ५ जनाले स्वास्थ्य सेवा लिएका थिए । तीमध्ये ४५ जनाको रक्त परीक्षण गर्दा ७ जनामा स्क्रब टाइफस संक्रमण पुष्टि भएको स्वास्थ्य सेवा कार्यालय सल्यानले जनाएको छ । स्वास्थ्य सेवा कार्यालयका मेडिकल अफिसर डा.आशिष साहुले स्क्रब टाइफस तथा डेंगीबाट बच्न सरसफाइमा ध्यान दिन, किर्ना तथा लामखुट्टेको टोकाइबाट जोगिन र ज्वरो तथा अन्य लक्षण देखिएमा तत्काल स्वास्थ्य संस्थामा पुगेर परीक्षण तथा उपचार गराउन आग्रह गरे । जिल्ला च्यापिड रेस्पोन्स टिमका संयोजक तथा जनस्वास्थ्य अधिकृत ताराप्रसाद रिजालले संक्रमणको जानकारी पाएलगत्तै २४ घण्टाभित्र जिल्ला स्तरको टोली परिचालन गरी शिविर सञ्चालन गरिएको बताए । उनका अनुसार शिविरमार्फत रोगको अवस्था पहिचानसँगै उपचार, परामर्श र संक्रमण रोकथामका उपायबारे स्थानीयलाई जानकारी गराइएको छ ।

स्थानीयले भने संक्रमण नियन्त्रणका लागि गाउँपालिकाका स्वास्थ्य संस्थामा पर्याप्त परीक्षण किट र औषधिको व्यवस्था गरी निःशुल्क परीक्षण तथा उपचारको सहज पहुँच सुनिश्चित गर्न माग गरेका छन् ।

ठकुरी समाज पोर्चुगलले तिज विशेष सांस्कृतिक कार्यक्रम गर्ने

भरत प्रधान/मध्यान्ह
लिस्बन, १० भदौ

नेपाली महिलाहरूको महान् पर्व हरितालिका तिजको अवसरमा ठकुरी समाज पोर्चुगलले 'दर खाने तथा तिज विशेष सांस्कृतिक कार्यक्रम' को आयोजना गर्ने भएको छ ।

समाजले यही अगस्ट ३० तारिख आइतबारका दिन राजधानी लिस्बनस्थित महात्मा गान्धी मन्दिरको हलमा उक्त कार्यक्रमको आयोजना गर्न लागेको हो। समाजले विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि तिजको अवसरमा दर खाने तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रममा चर्चित गायक श्रीकृष्ण बम मल्ल, सूर्य खड्का तथा गायिका लक्ष्मी मल्लको विशेष सांगीतिक प्रस्तुति रहने समाजले जनाएको छ। कार्यक्रम दिउँसो ४ बजेदेखि राति ९ बजेसम्म सञ्चालन हुनेछ ।

नेपाली मौलिक कला, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको समाजका अध्यक्ष सज्जन हमाल ठकुरीले बताए। तिजको अवसरमा एकआपसमा शुभकामना आदानप्रदान र मनोरञ्जनका साथै सामूहिक रूपमा दर खाने कार्यक्रम राखिएको ठकुरीले बताए। यस्ता खालका कार्यक्रमले प्रवासमा रहेका नेपालीसमुदायका बीच आपसी सद्भाव, एकता र भाइचारा अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको उनले बताए । कार्यक्रममा सहभागी हुन पोर्चुगलवासी नेपाली समुदायलाई समाजले विशेष आग्रह समेत गरेको छ ।

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८३/०५/११ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकैता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ भदौ १८ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन इच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

वितामोड

(क). ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय झापामा मिति २०७३/०४/०६ मा प्रा.फ.र.नं. २४/८९८२ कायम भई दर्ता रहेको झापा जिल्ला, वितामोड न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **हाम्रो राम्रो सेवा ।**

प्रोप्राइटरको विवरण
देवी प्रसाद घिमिरे
ना.प्र.नं.- ११८०१००९५०
जारी मिति - २०४४/०५/२३, जि.प्र.का. झापा
बाबु - गंगा प्रसाद घिमिर
बाजे - धरीणीधर घिमिरे
स्थायी ठेगाना- झापा जिल्ला, गरामनी गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

लिलाम हुने सम्पतिको विवरण

१. **सन्जिव घिमिरे**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको हाल झापा जिल्ला, वितामोड गा.वि.स/न.पा वडा नं.४ (साविक अनारमनी वडा नं.४) स्थित कित्ता नं. २६ को क्षेत्रफल १७० (व.मि.) जग्गा तथा सोमा बनेको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. **देवी प्रसाद घिमिरे**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको हाल झापा जिल्ला, भद्रपुर गा.वि.स/न.पा वडा नं.१० (साविक चन्द्रगडि १) स्थित कित्ता नं. १२५२, १२५३ को जग्गा क्षेत्रफल क्रमश ०-३-०, ०-४-७ (बि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत
३. **संजिव घिमिरे**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, वितामोड गा.वि.स/न.पा वडा नं.१० (साविक गरामनी वडा नं. ९) स्थित कित्ता नं. १५६ को क्षेत्रफल २७१० (व.मि.) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **भुमा देवी घिमिरे**
ना.प्र.नं.- ०४ ११८०१००९५५
जारी मिति - २०४४/०६/०५ जि.प्र.का. झापा
बाबु - अग्नी प्रसाद बास्कोटा
बाजे - महानन्द बास्कोटा
स्थायी ठेगाना- झापा जिल्ला, गरामनी गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

२. **प्रेरणा गजुरेल घिमिरे**
ना.प्र.नं.- १५१०९६/१४०७२
जारी मिति - २०६६/०२/२६,जि.प्र.का. झापा
बाबु - जगन्नाथ प्रसाद गजुरेल
बाजे - हेम प्रसाद गजुरेल
स्थायी ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

३. **संगीता सुवेदी**
ना.प्र.नं.- ०३/१२३४
जारी मिति २०६२/०८/२१, जि.प्र.का. झापा
बाबु - ध्रुव प्रसाद सुवेदी
बाजे - श्री प्रसाद सुवेदी
स्थायी ठेगाना- झापा जिल्ला, घेरावारी गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

४. **सन्जिव घिमिरे**
ना.प्र.नं.- १८६०५६३४
जारी मिति - २०५७/०४/१९, जि.प्र.का. झापा
बाबु - देवी प्रसाद घिमिरे
बाजे - गंगा प्रसाद घिमिरे
स्थायी ठेगाना- झापा जिल्ला, चन्द्रगढी गा.वि.स., वडा नं. ०१
हालको ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

५. **सन्तोष घिमिरे**
ना.प्र.नं.- १८६०२८४७
जारी मिति - २०५६/०३/०८, जि.प्र.का. झापा
बाबु - देवी प्रसाद घिमिरे
बाजे - गंगा प्रसाद घिमिरे
स्थायी ठेगाना- झापा जिल्ला, चन्द्रगढी गा.वि.स., वडा नं. ०१
हालको ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

(ख) ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय झापामा मिति २०७१/११/२० मा प्रा.फ.र.नं. ९१५/७६४५ कायम भई दर्ता रहेको झापा जिल्ला, वितामोड न.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **धिमिरे ब्रदर्स ।**

प्रोप्राइटरको विवरण

सन्जिव घिमिरे
ना.प्र.नं.- १८६०५६३४
जारी मिति - २०५७/०४/१९, जि.प्र.का. झापा
बाबु - देवी प्रसाद घिमिरे
बाजे - गंगा प्रसाद घिमिरे
स्थायी ठेगाना- झापा जिल्ला, चन्द्रगढी गा.वि.स., वडा नं. ०१
हालको ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

लिलाम हुने सम्पतिको विवरण

१. **भुमा देवी घिमिरे**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, भद्रपुर गा.वि.स/न.पा वडा नं. १० (साविक चन्द्रगडि गा.वि.स वडा नं. १) स्थित कित्ता नं. १३४९, ३९१६ र १३५१ को क्षेत्रफल क्रमश ०-०-७.५, ०-२-१४ र ०-१-१२.५० (बि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **भुमा देवी घिमिरे**
ना.प्र.नं.- ०४ ११८०१००९५५
जारी मिति - २०४४/०६/०५ जि.प्र.का. झापा
बाबु - अग्नी प्रसाद बास्कोटा
बाजे - महानन्द बास्कोटा
स्थायी ठेगाना- झापा जिल्ला, गरामनी गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

२. **प्रेरणा गजुरेल घिमिरे**
ना.प्र.नं.- १५१०९६/१४०७२
जारी मिति - २०६६/०२/२६, जि.प्र.का. झापा
बाबु - जगन्नाथ प्रसाद गजुरेल
बाजे - हेम प्रसाद गजुरेल
स्थायी ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

३. **संगीता सुवेदी**
ना.प्र.नं.- ०३/१२३४
जारी मिति २०६२/०८/२१, जि.प्र.का. झापा
बाबु - ध्रुव प्रसाद सुवेदी
बाजे - श्री प्रसाद सुवेदी
स्थायी ठेगाना- झापा जिल्ला, घेरावारी गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

४. **सन्तोष घिमिरे**
ना.प्र.नं.- १८६०२८४७
जारी मिति - २०५६/०३/०८, जि.प्र.का. झापा
बाबु - देवी प्रसाद घिमिरे
बाजे - गंगा प्रसाद घिमिरे
स्थायी ठेगाना- झापा जिल्ला, चन्द्रगढी गा.वि.स., वडा नं. ०१
हालको ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

५. **देवी प्रसाद घिमिरे**
ना.प्र.नं.- ११८०१००९५०
जारी मिति - २०४४/०५/२३, जि.प्र.का. झापा
बाबु - गंगा प्रसाद घिमिर
बाजे - धरीणीधर घिमिरे
स्थायी ठेगाना- झापा जिल्ला, गरामनी गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- झापा जिल्ला, वितामोड न.पा., वडा नं. ०४

लहान

ऋणीको विवरण

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग प्राइभेट फर्म रजिष्ट्रेसनको कार्यालयमा मिति २०७५/०५/३१ मा दर्ता नं. ८५९७/२०७५/०७६ दर्ता कायम भई सिरहा जिल्ला, लहान ना.पा. वडा नं. १२ स्थित रजिष्टर्ड कार्यालय रहेको **एन्जल सप्लायर्स**

प्रोप्राइटरको विवरण
सजन कुमार साह
ना.प्र.नं.- १५२०११/१५३०२
जारी मिति - २०७१/०१/०८ जि.प्र.का. लहान सिरहा
बाबु - देव नारायण साह
बाजे - कपलेश्वरी साह
स्थायी ठेगाना- सिरहा जिल्ला, सितापुर प्र.ध. गा.वि.स. वडा नं. ०७
हालको ठेगाना- सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ०६

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **देव नारायण साह**
ना.प्र.नं.- २४-५-१५६९५
जारी मिति - २०४१/११/१०
जि.प्र.का. लहान, सिरहा
बाबु - जिलेवी साह
बाजे - गेनाई साह
स्थायी ठेगाना- सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. ०६(साविक सिरहा जिल्ला, सितापुर गा.वि.स. वडा नं. ०७)
हालको ठेगाना- ऐ.ऐ

२. **सुदामा देवी साह**
ना.प्र.नं.- १५३०११/१०४९
जारी मिति - २०६३/११/२९
जि.प्र.का. सिरहा
बाबु - बौएलाल नन्दी साह
बाजे - रुपी साह
स्थायी ठेगाना- सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. ०६ (साविक सिरहा जिल्ला, सितापुर गा.वि.स. वडा नं. ०७)
हालको ठेगाना- ऐ.ऐ

३. **सन्तोष कुमार साह**
ना.प्र.नं.- १५३०११/११८
जारी मिति - २०७०/०२/२९
जि.प्र.का. सिरहा
बाबु - देव नारायण साह
बाजे - जिलेवी साह
स्थायी ठेगाना- सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. ०६(साविक सिरहा जिल्ला सितापुर प्र.ध. गा.वि.स. वडा नं. ०७)
हालको ठेगाना- ऐ.ऐ

लिलाम हुने सम्पतिको विवरण

१. धनि कुमारी बैक लि.(साबिक एन.सी.सी. बैक लि.) र ऋणी **एन्जल सप्लायर्स** कायम भई प्रदेश नं २ यातायात व्यवस्था कार्यालय, लहान, सिरहामा दर्ता कायम रहेको चे.नं. MAT464602MSR06656, ई.नं. 4SPCR10DYX616393, सवारी नं. प्र २-०१ ००१ च ०४२३ , को XENON YODHA SC गाडी थान १ ।
२. **सजन कुमार साह**को नाममा मालपोत कार्यालय, लहानमा दर्ता कायम रहेका सिरहा जिल्ला, सितापुर प्र.ध. गा.वि.स वडा नं. २/ख (हाल लक्ष्मीपुर पतारी गा.पा.वडा नं. ०६) स्थित कित्ता नं. २९४ को क्षेत्रफल ०-०-१०-० (बि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. **सजन कुमार साह**को नाममा मालपोत कार्यालय, लहानमा दर्ता कायम रहेका सिरहा जिल्ला, सितापुर प्र.ध. गा.वि.स वडा नं. २/ख (हाल लक्ष्मीपुर पतारी गा.पा.वडा नं. ०६) स्थित कित्ता नं. २१८ र २२४ को जग्गा क्षेत्रफल ०-०-८-० र ०-०-१५-० (बि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८३ भदौ १७ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ भदौ १८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक विदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन विदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. स्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८३ भदौ १८ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

‘पेन्सन पट्टा’मा नाम नमिल्दा निम्तिएको संकटको कथा

काठमाडौं /मस– नेपाली समाजका सूक्ष्म तर गम्भीर समस्यालाई केन्द्रमा राखेर निर्माण गरिएको चलचित्र ‘पेन्सन पट्टा’को टेलर सार्वजनिक गरिएको छ। लेखक तथा निर्देशक माओत्से गुरुङको परिकल्पनामा तयार भएको यस चलचित्रको टेलर काठमाडौंको सिटी सेन्टरस्थित बिग मुभिजमा आयोजित एक विशेष कार्यक्रममा सार्वजनिक गरिएको हो। कार्यक्रममा चलचित्रका प्रमुख कलाकार, निर्माण टोली तथा सञ्चारकर्मीहरूको उल्लेख्य उपस्थिति रहेको थियो। आगामी भदौ २६ गतेदेखि देशव्यापी प्रदर्शनमा आउने तयारीमा रहेको चलचित्र ‘पेन्सन पट्टा’ ले नेपाली समाजमा प्रायः ओझेलमा पर्ने तर गहिरो असर पार्ने एउटा संवेदनशील विषयलाई उठाएको संकेत टेलरमार्फत दिएको छ। विशेषगरी पेन्सन पट्टामा नाम नमिल्दा उत्पन्न हुने जटिलता र त्यसले एउटा परिवारको आर्थिक, सामाजिक तथा भावनात्मक जीवनमा पार्ने प्रभावलाई चलचित्रले मुख्य कथावस्तु बनाएको देखिन्छ।

टेलरमा सामान्य कागजी प्रक्रियाजस्तो देखिने विषयले कसरी परिवारको जीवनमा ठूलो संकट निम्त्याउन सक्छ भन्ने यथार्थपरक चित्रण गरिएको छ। पेन्सन पट्टा केवल सरकारी कागजात मात्र नभई कतिपय परिवारका लागि जीवनयापनको आधार बन्ने भएकाले त्यसमा हुने सानो त्रुटिले पनि गम्भीर परिणाम ल्याउन सक्ने पक्षलाई चलचित्रले मार्मिक रूपमा प्रस्तुत गरेको छ। यसले प्रेम, त्याग, संघर्ष र आत्मसम्मान जस्ता भावनात्मक पक्षलाई कथासँग जोड्दै दर्शकलाई सोच्न बाध्य पार्ने संकेत दिएको छ।

चलचित्रका प्रमुख पात्रमार्फत पारिवारिक सम्बन्धमा आउने उतारचढाव, आर्थिक अभावले निम्त्याउने दबाब र समस्या समाधानका लागि गरिने संघर्षलाई टेलरमा प्रभावशाली ढंगले देखाइएको छ। अभिनेता दयाहाङ राई र गौमाया गुरुङ मुख्य भूमिकामा देखिएका छन्, जसले कथालाई जीवन्त बनाउने अपेक्षा गरिएको छ। उनीहरूको अभिनयमार्फत समाजको यथार्थ र मानवीय संवेदनालाई पर्दामा उतार्ने प्रयास गरिएको देखिन्छ।

चलचित्रमा दयाहाङ र गौमायाका साथै पशुपति राई, विल्सन विक्रम राई, बुद्धि तामाङ, सुरज तमु, लुनिभा तुलाधर, विश्वास गुरुङ, माया गुरुङ, पुस्कर बहादुर गुरुङ, स्वर्गीय सुनिल थापा, प्रतिक्षा गुरुङ, सोल गुरुङ, मनोज गुरुङ, अनुसा राई र मनिका गुरुङ लगायतका कलाकारहरूको अभिनय रहेको छ। विविध पात्रहरूको उपस्थितिले चलचित्रलाई अझ व्यापक सामाजिक परिवेशसँग जोड्ने विश्वास गरिएको छ।

कास्की जिल्लाको ताङतिङ गाउँ तथा पोखरा आसपासका रमणीय क्षेत्रमा छायांकन गरिएको चलचित्रले स्थानीय जीवनशैली, संस्कार र परिवेशलाई कथासँग प्रभावकारी रूपमा समेटेको निर्माण पक्षले जनाएको छ। माओत्से गुरुङ फिल्म्सको ब्यानरमा निर्माण भएको यस चलचित्रले मनोरञ्जनसँगै सामाजिक यथार्थलाई प्रस्तुत गर्ने उद्देश्य लिएको छ।

यसअघि सार्वजनिक गरिएको टिजर र ‘जुनी जाला’ गीतले नै दर्शकमाझ उत्सुकता जगाइसकेको अवस्थामा टेलर सार्वजनिक भएसँगै चलचित्रप्रति चासो थप बढेको छ। विशेषगरी सामान्य देखिने तर गहिरो असर पार्ने सामाजिक समस्यालाई कथाको केन्द्रमा राखिएकाले दर्शकसँग भावनात्मक सम्बन्ध स्थापित गर्ने अपेक्षा गरिएको छ।

निर्देशक माओत्से गुरुङले चलचित्रको कथा नेपाली समाजसँग प्रत्यक्ष रूपमा जोडिएको उल्लेख गर्दै दर्शकले आफूलाई कथासँग नजिक पाउने विश्वास व्यक्त गरेका छन्। उनका अनुसार चलचित्रले समाजमा भइरहेका तर प्रायः अनदेखा गरिएका विषयलाई उजागर गर्ने प्रयास गरेको छ। त्यसैगरी अभिनेता दयाहाङ राईले पनि ‘पेन्सन पट्टा’ हालसम्म पर्याप्त रूपमा नउठाइएको विषयमा आधारित रहेकाले दर्शकका लागि नयाँ अनुभव हुने बताएका छन्।

समग्रमा ‘पेन्सन पट्टा’ले एउटा सानो कागजी त्रुटिले व्यक्तिको जीवन, पारिवारिक सम्बन्ध र भविष्यमा पार्न सक्ने ठूलो प्रभावलाई संवेदनशील ढंगले प्रस्तुत गर्ने प्रयास गरेको देखिन्छ। सामाजिक यथार्थ, भावनात्मक कथा र सशक्त अभिनयको संयोजनले चलचित्रप्रति दर्शकको अपेक्षा बढाएको छ।

लोकदोहोरी क्षेत्रका स्रष्टा–कलाकार सम्मानित

काठमाडौं /मस– नेपाली लोकदोहोरी संगीत क्षेत्रको प्रतिष्ठित कार्यक्रम ‘नवौं राष्ट्रिय लोकदोहोरी अवार्ड-२०८३’ राजधानीमा सम्पन्न भएको छ। ‘अग्रजलाई सम्मान, नव प्रतिभालाई प्रोत्साहन’ भन्ने नारासहित राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल, उपत्यका समन्वय समितिको आयोजनामा कार्यक्रम गरिएको हो।

शनिबार काठमाडौंको भृकुटीमण्डपस्थित नेपाल पुलिस क्लबमा सम्पन्न कार्यक्रममा उपत्यका समन्वय समितिका अध्यक्ष प्रसाद लामिछानेको अध्यक्षता रहेको थियो भने नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका नवनियुक्त कुलपति ब्रजेश खनाल प्रमुख अतिथिका रूपमा उपस्थित थिए। कार्यक्रममा लोकदोहोरी क्षेत्रका अग्रजदेखि नव कलाकार, संगीतकर्मी, सञ्चारकर्मी तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

कार्यक्रममा पूर्व अध्यक्षहरू प्रजापती पराजुली, दुर्गा रायमाझी, चन्द्र शर्मा, बद्री पंगेनी, प्रतिष्ठानकी अध्यक्ष रिता थापा मगर, संगीत रोयल्टी समाज नेपालका अध्यक्ष सुरेश अधिकारी, वरिष्ठ गायक खड्ग गर्बुजा, लोक स्वर सम्राट राजु परियार, समाजसेवी पृथ्वी थकाली, इन्द्रेणी कार्यक्रमका कृष्ण कंडेल तथा चर्चित गायिका निशा सुनारलगायत सहभागी थिए।

अवार्ड कार्यक्रमको मुख्य प्रायोजक गरिमा विकास बैंक रहेको थियो भने लर्ड पार्टी प्यालेस र पृथ्वी इन्टरटेनमेन्ट सहप्रायोजकका रूपमा रहेका थिए। आयोजकका अनुसार यस कार्यक्रमले नेपाली लोकदोहोरी क्षेत्रको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

अध्यक्ष प्रसाद लामिछानेले कार्यक्रमले उत्कृष्ट स्रष्टा र कलाकारलाई राष्ट्रिय स्तरमा सम्मानित गर्दै लोकसंस्कृतिको गरिमा अझ उचाइमा पुर्‍याउने विश्वास व्यक्त गरे। उनले आगामी दिनमा सबैको साथ र सहयोग रहे कार्यक्रमलाई अझ परिष्कृत गर्दै नमुना अवार्डका रूपमा विकास गर्ने प्रतिबद्धता समेत जनाए।

कार्यक्रममा विभिन्न विधामा कलाकार तथा स्रष्टाहरूलाई सम्मान गरिएको थियो। लाइफटाइम अचिभमेन्ट अवार्डबाट पूर्व केन्द्रीय अध्यक्ष तथा वरिष्ठ गायक प्रजापती पराजुली सम्मानित भए। त्यसैगरी अग्रज गायिका ज्ञानु राणा, पूर्व अध्यक्ष चन्द्र शर्मा, लोकप्रिय गायिका देवी घर्ती मगर, पिएन सापकोटा, कमल सरगम, अशोक गिरी, मदन परियार र घनश्याम रिजाललगायतलाई विशेष विधामा सम्मान प्रदान गरिएको थियो।

यस वर्षको अवार्डमा दोहोरी साँझ गायनतर्फ बेलीमाया पुलामी र संगम गुरुङ उत्कृष्ट घोषित भए भने प्रतियोगितात्मक गायनतर्फ सपना रोका र निशान्त बिक उत्कृष्ट बने। लोकगीततर्फ सुरेश खत्री र लोक दोहोरीतर्फ सुदिप अधिकारी पुरस्कृत भए। त्यस्तै खेम सेन्चुरी उत्कृष्ट गायक र शान्तारानी परियार उत्कृष्ट गायिका घोषित भए। नव प्रतिभातर्फ शान्ती श्रीष मगर र सित्तल गुरुङ सम्मानित भए। यसैगरी संगीत निर्माणका विभिन्न प्राविधिक विधामा मिलन विश्वकर्मा, प्रकाश खड्का, सुमन राना, खड्ग बाजुराली, कृष्ण केसी, मौसम हिमाली र जेरी भण्डारीलगायतले अवार्ड प्राप्त गरेका छन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६/०१/२३ मा दर्ता भएको **प्रा. लि. नं. ६२४६६** को श्री **ब्रिलियन्ट होटल विद म्युजिकल क्वेस्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Saudi मा रोजगार Ali Abdullah Gharmallah Al Ghamdi Automotive Services Establishment
पूर्व स्वीकृती मितिः २०८३/०५/१० चलानी नं. ६०२६०३०१ LT No.: 347115

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	SR	ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	WORKSHOP LABOUR / WORKER	1	साधारण	1000	४०,५३०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता २०८३ भाद्र १८ गते (3 Sept., 2026) यस प्रा. लि. को कार्यालय लाजिम्पाट काठमाडौंमा हुनेछ।

कस्मस नेपाल ह्युम्यान रिसोर्स प्रा. लि. श्रम इजाजत नं. ७३३/०६८/०६९
लाजिम्पाट-२, काठमाडौं, नेपाल, फोन नं. : 01-4445794, 4445793, 9802099983, 9802099984
9801199984, 9865728265, 9803269111, Contact Person : 9802099984
(Nirmal Rawal), Email: info@cosmosnepalhr.com

Qatar मा रोजगार DRILL ONE TRADING AND CONTRACTING
पूर्व स्वीकृती मितिः २०८३/५/१० चलानी नं.: ६०२६०२९१ LT.: 347101

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	QR	ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	Building Carpenter	2	काममा दक्ष	1200	५०,४००।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
२.	Stone Mason	3		1200	५०,४००।-							

अन्तरवार्ता २०८३ भाद्र १८ गते (3 Sept., 2026) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ।

गण्डकी ओभरसिज कन्सर्न प्रा. लि. श्रम इजाजत नं.: ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८०३७७४४३६
सम्पर्क अधिकारी : ९८५११०९३९१ (गगन श्रेष्ठ)

KUWAIT / SAUDI मा रोजगार 1. Al Thumama Restaurant Company, Kuwait
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/०८/२४ चलानी नं. : ६०२२९५१४ LT No.: 315180

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	KD	ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	Assistant Cook	1	0	सम्बन्धित कामका दक्ष	140	६१,१७०।-	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ		२ वर्ष
२.	Cook	3	0		150	७४,११०।-							
३.	General Worker/Kitchen Helper	8	0		120	५९,२९०।-							
४.	Waitress	0	1		140	६१,१७०।-							

2. Lava Cake Company Ltd.,Saudi पूर्व स्वीकृती मितिः २०८३/५/१० चलानी नं. : ६०२६०३११ LT No.: 347144

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	SR	ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	Kitchen Worker	3	0	कामका दक्ष	1200	४८,६४०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता २०८३ भाद्र १८ गते (3 Sept., 2026) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ।

GULF EMPIRE COMPANY PVT. LTD. Lic. No.: 1599/079/80
के.एम.सि.-३१, मिनभवन, बानेश्वर, काठमाडौं, फोन नं. ०१-४११५९६०/४११५९६१
सम्पर्क मोबाईल : ९८२३२५७२७१, ९८०१३१५९५९ (शंकर खरेल)
शाखा कार्यालय ईटहरी सम्पर्क : ९८०१०२३८१२, ९८०२०२३८१२
इमेल : gulfempirenepal@gmail.com, वेभसाइट : www.gulf-empire.com

साइप्रसमा रोजगार कम्पनी: S. Merk. Enterprises Ltd. शहर: Cyprus,Nicosia
पूर्व स्वीकृत मितिः २०८३/०५/०३ चलानी नं.: ६०२६०२८५ LT. No.: 346427

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	EURO	ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Worker	15	10	स. काममा दक्ष	900	१६०००२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १८ गते (3 September 2026) मा हुनेछ।

मेनपावर लिंक प्रा. लि. श्रम इजाजत नं. ३५०/०५९/०६०
उमंगटोल, मन्डीखटार, बुढानिलकण्ठ-८, काठमाडौं, फोन : ०१-४३७७६७६, 9705511677 (Deepu Malla), Email: info@manpowerlink.com

कुवेतमा रोजगार कम्पनी : HOP GENERAL TRADING CONTRACTING COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०५/१० चलानी नं.: ६०२६०२९० Lt. No.: 346997

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	KD	ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Driver Nepali License (Heavy)	30	0	सम्बन्धित काममा दक्ष	200	९९३१२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	HEAVY EQIPMENT OPERATOR-PAY LOADER	10	0		250	१२४१४०							
3.	Heavy Equipment Driver with gcc valid license (Excavavo, hitachi, caterpillar)	10	0		250	१२४१४०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १८ गते (3 September 2026) मा हुनेछ।

TOKIYO OVERSEAS PVT. LTD. Govt. License No.: 1307/074/075
Samakushi-26, Kathmandu Nepal. Phone no: 01-4594008. Mobile No: 9851419099.
Email: info@tokiyooverseas.com | Web: www.tokiyooverseas.com

साउदीमा रोजगार कम्पनी : Fahad Mohammed Al Mutairi Contracting शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०८३/०५/१० चलानी नं.: ६०२६०२९९ LT.NO.: 347066

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	SR	ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Truck Driver / Heavy Driver	1	0	स. काममा दक्ष	1800	७३०४४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १८ गते (3 September 2026) मा हुनेछ।

मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि. श्रम इजाजत नं. १५६/०५६/०५७
टोखा-१०,सामाखुशी, काठमाडौं, नेपाल, फोनः ४९५८७८६, ४९८५३७३, Contact No : 9851087428, 9841731502

बहराइनमा रोजगार कम्पनी : PAN GULF TRADING CO W.L.L शहर : BAHRAIN
पूर्व स्वीकृत मितिः २०८३/०५/०८ चलानी नं.: ६०२६०२७२ LT. No.: 347023

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	BD	ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Storekeeper	1	0	स. काममा दक्ष	100	४०४१४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १८ गते (3 September 2026) मा हुनेछ।

Well Growing Recruitment (P.) Ltd. श्रम इजाजत नं. १५१३/०७४/०७५
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal, Phone: 01-5916635,
9741827319 (Rabi Sarki) | www.wellgrowingrecruitment.com.np, Email : wellgrowing@gmail.com.

साउदीमा रोजगार कम्पनी : Anamel Alsorour General Contracting Establishment शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०५/१० चलानी नं.: ६०२६०२८९ L.T. No.:347130

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	SR	ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Loading and Unloading Labor	1	0	स. काममा दक्ष	1000	४०५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ १८ गते (3 September 2026) मा हुनेछ।

CHANDRAMA OVERSEAS PVT. LTD. (Govt. Lic. No.: 413/060/61)
Lalitpur-03, Nayabato Ringroad, Nepal.Tel : 5011256, 5011258
E-mail:info@chandrama.com, Website: www.chandrama.com

साउदीमा रोजगार कम्पनी : SAFRA ALMAALI TO PROVIDE BEVERAGES EST. शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०५/१० चलानी नं.: ६०२६०३०६ L.T. No.:347099

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	SR	ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Kitchen Worker	3	0	स. काममा दक्ष	1000	४०,५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २२ गते (7 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. ३५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

Professional Manpower Services Pvt. Ltd. श्रम इजाजत नं. ४३१/०६०/०६१
Basundhara-03, Kathmandu, Nepal | Contact No.: 01- 4987247, 01-4988247, 9842749745 (Gehendra Bahadur Khadka) | Email: info@pms.com.np

युएईमा रोजगारीको अवसर कम्पनी : Starforce Labour Supply LLC शहर : UAE
पूर्व स्वीकृत मितिः २०८३/०५/१० चलानी नं.: ६०२६०३०० L.T. No.: 347133

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	AED	ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building Labour	30	0	सम्बन्धित काममा दक्ष	1200	४९७७६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	ASSISTANT CARPENTER	30	0		1200	४९७७६							
3.	ASSISTANT REINFORCE FITTER	10	0		1200	४९७७६							
4.	ASSISTANT STONE MASON	30	0		1200	४९७७६							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १८ गते (3 September 2026) मा हुनेछ।

LAXMI RECRUITMENT SERVICE PVT. LTD. Gov License no : 1782/082/083
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१-४५००४३३, ९८०३८४६४५८, ९८४७४९७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६

कुवेतमा रोजगार कम्पनी: SOUTH AVENUES SALOON & SPA COMPANY FOR LADIES शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१२/१५ चलानी नं.: ६०२३५५९५ LT. No.: 321290 पुन विज्ञापन

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	KD	ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner Indoor	0	4	सम्बन्धित काममा दक्ष	120	५९,५८७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Make Up & Heena Designer	0	5		150	७४,४८४							
3.	Manicurist/nail Technician	0	3		150	७४,४८४							
4.	Massage Therapist	0	1		150	७४,४८४							
5.	Receptionist	0	2		150	७४,४८४							

अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा, कास्किमा २०८३ भदौ १८ गते (3 September 2026) मा हुनेछ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD. Govt. Lic. No.: 821/066/067, ISO 9001 : 2015
Tokha-5, Basundhara Kathmandu, Tel.: 01-4956654, 4955978,
Prakash Paudel Contact No : 9849664971,
Email: info@linknepalmanpower.com

साउदीमा रोजगार कम्पनी : Ali Mohammed Ali Al-Sudais Land Transport Company शहर:SAUDI
पूर्व स्वीकृत मितिः २०८३/०५/१० चलानी नं: ६०२६०२७९ L.T. No.:347150

